# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## वडिगाड गाउँपालिका
## बागलुङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
( गण्डकी प्रदेश )


पत्र संख्याः २०७८।७९
च.नं. ९० मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बडिगाड गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बागलुङ।

**कैफियत सहितको राय**

हामीले बडिगाड गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. गाउँपालिकाको लेखापरीक्षणबाट रू १ करोड ५७ लाख १० हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू. १० लाख ६ हजार फस्र्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू १४ लाख १७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू ३ लाख ४४ हजार, नियमित गर्नुपर्ने रू १ करोड २० लाख ५१ हजार र पेश्की रू ८ लाख ९२ हजार रहेको छ । बडिगाड गाउँपालिकाको गतवर्ष रु ४ करोड १ लाख ९५ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ३ करोड ७ लाख ५० हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्कको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

बडिगाड गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४३ | २३ | १५७१० | ० | ४ | १००६ | ४३ | १९ | १४७०४ | १४१७ | १२०५१ | ३४४ | ० | ० | १२३९५ | ८९२ |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बागलुङ | ४०१९५ | ० | २४१४९ | १६०४६ | ० | १४७०४ | ३०७५० |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : वडिगाड गाउँपालिका, बागलुङ , बदिबाद गाउँपालिका , बागलुङ

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
| --- | --- | --- | --- |
| कार्यालय प्रमुख | चेतनारायण भण्डारी | २०७८-१२-७ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | बालाकृष्ण सुवेदी | २०७७-४-१ | २०७८-११-२३ |
| लेखा प्रमुख | डिल्ली प्रसाद शर्मा | २०७६-८-२३ | |
| | | **बेरुजु रकम** | १५,७१०,३९५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६,७६,०६,५५३.२८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४२,९०,९२,७६७ | चालु खर्च | ३६,७१,६९,६६५ |
| प्रदेश सरकारबाट अनुदान | २,२३,४८,००० | पूँजीगत खर्च | १३,१३,५०,१६२ |
| राजश्व बाँडफाँट | ८,५६,१७,२६१ | वित्तीय/अन्य व्यवस्था | ७,०४,३९,८६४ |
| आन्तरिक आय | ९५,०४,४५९ | | |
| अन्य आय | ११,०१,७५,५५७ | | |
| कुल आय | ६५,६७,३८,०४४ | कुल खर्च | ५६,८९,५९,६९१ |
| बाँकी मौज्दात | | ९,३४,६१,८०४.५१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना, २०७८ बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनकोमस्यौदा उपर व्यवस्थापनसंगको वहिर्गमन वैठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ। | |
| २ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। पालिका अन्तर्गत १० वडा, ५४ सभा सदस्य तथा ३८ हजार २२२ जनसंख्या रहेका छन्। यसको क्षेत्रफल १७८.६७ वर्ग किलोमिटर रहेको छ। | |
| ३ | | | **संचित कोषको प्राप्ती र भुक्तानी**<br>आर्थिक वर्ष २०७७।७८ को स्थानीय सञ्चित कोष आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ। | |

| विवरण | टिप्पणी | यस वर्ष (रु.) | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैलेगरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझैभुक्तानी | जम्मा |
| **प्रासी (क+ख)** | | ६७११५१२२१ | ५५८१८७११५.८५ | | ५५८१८७११५.८५ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ५७७८९५००० | ५४९१५३३८८.४३ | - | ५४९१५३३८८.४३ |
| ११००० कर | ११ | ९८०९२७५० | ८९७६०९७७.३१ | - | ८९७६०९७७.३१ |
| १३०००अनुदान | | ४६६३४१३५० | ४५१४४०७६६.५२ | - | ४५१४४०७६६.५२ |
| संघीयसरकार | १२ | ४३८९६४३५० | ४२९०९२७६६.५२ | - | ४२९०९२७६६.५२ |
| प्रदेशसरकार | १२ | २७३७७००० | २२३४८००० | - | २२३४८००० |
| १४०००अन्य राजस्व | | १३४६०९०० | ७९५१६४४.६० | - | ७९५१६४४.६० |
| ख.अन्य प्राप्ति | | ९३२५६२२१ | ९०३३७२७.४२ | | ९०३३७२७.४२ |
| कोषहरु | | ५४७४२२१ | ६६०३६११.५० | - | ६६०३६११.५० |
| धरौटी | | - | २४३०११५.९२ | - | २४३०११५.९२ |
| संघीयप्रदेश सरकार वा अन्य कार्यक्रम | | ८७७८२००० | - | - | - |
| भुक्तानी (ग+घ) | | ७३५०५१२८८.२८ | ५०२५१५१५६.८५ | | ५०२५१५१५६.८५ |
| ग.भुक्तानी (सञ्चित कोषबाट) | | ६४१७९५०६७.२८ | ४९८५१९८२७.८५ | | ४९८५१९८२७.८५ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ३६७००००० | २५०८८९४०.९२ | - | २५०८८९४०.९२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ४२८१०९६७.२८ | ३५८१२४५६.६६ | - | ३५८१२४५६.६६ |
| २५००० सहायता (Subsidy) | १८ | ६००००० | २९६००० | - | २९६००० |
| २६००० अनुदान | १८ | ३३३५६४३५० | २९६२२६६५२.७९ | - | २९६२२६६५२.७९ |
| २७००० सामाजिक सुरक्षा | १८ | १०५००००० | ७३९१७६५ | - | ७३९१७६५ |
| २८००० अन्य खर्च | १८ | ३२५०००० | २३५३८५० | - | २३५३८५० |
| ३१००० गैर वित्तीय सम्पत्ती/ पूँजीगत खर्च | १८ | २१४३६९७५० | १३१३५०१६२.४८ | - | १३१३५०१६२.४८ |
| घ.अन्य भूक्तानी | | ९३२५६२२१ | ३९९५३२९ | | ३९९५३२९ |
| कोषहरु | | ५४७४२२१ | ३७४८६९९ | - | ३७४८६९९ |
| धरौटी | | - | २४६६३० | - | २४६६३० |
| संघीयप्रदेश सरकार वा अन्य कार्यक्रम | | ८७७८२००० | - | - | - |
| ङ.यो वर्षको बचत (न्युन) | | (६३९०००६७.२८) | ५५६७१९५९ | | ५५६७१९५९ |
| च.गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६४३८६२४२.२८ | | ६४३८६२४२.२८ |
| वर्षान्तकोबाकी रकम (ङ + च) | | (६३९०००६७.२८) | १२००५८२०१.२८ | | १२००५८२०१.२८ |
| बैंक तथा नगद बाकी | २४ | | १२०९४६९२६.२८ | | १२०९४६९२६.२८ |
| अनुदानफिर्ता - | | | २६४६९७९०.७३ | | २६४६९७९०.७३ |
| बिभाज्य कोष सोझै आन्तरीक राजश्वमा - | | | ११६२४०१ | | ११६२४०१ |
| साटनबाँकी चेक + | | | १४७०६९.९६ | | १४७०६९.९६ |
| बैंकतथा नगद बाकी | २४ | | ९३४६१८०४.५१ | | ९३४६१८०४.५१ |

४

## वित्तिय विवरण



https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ।सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीकोव्यवस्थापन गर्नुपर्दछ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :<br>• यस स्थानीय तहले NPSAS अनुरूपको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन(म=ले=प=फा= नं= २७२) ले गत वर्षको जिम्मेवारी, यस वर्षको अन्तिम मौज्दात लगायतका देहायका विवरण फरक देखाएको हुँदा यसले आर्थिक विवरणको यथार्थ चित्रण गर्न नसकेको एंव सुत्रमा विषयगत शिर्षकहरुको निकासा तथा खर्च रु.१० करोड २० लाख ४५ हजार समेटन नसकेको कारण यथार्थ एकिकृत आर्थिक विवरण माग गरी सोही विवरणलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ।<br>• आर्थिक वर्ष २०७७।७८ को स्थानीय सञ्चित कोष आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ। स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ आषाढ मसान्त भित्र सबै खर्च खाताहरु बन्द गरी खर्च हुन बाँकी रकम संचितकोषमा फिर्ता गर्नुपर्नेव्यवस्था भए बमोजिम पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार सबै खाताहरुको रकम २०७८ श्रावणमा मात्रै खर्च खाताबाट फिर्ता गरी संचित कोषमा आम्दानी बाँधिएको छ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) अनुसारको वित्तीय प्रतिवेदन र पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणको तथ्याङ्कमा एकरुपता देखिदैन।<br>**बैंक मौज्दातः** प्रमाणित एकिकृत आर्थिक विवरणमा संचित कोष तथा अन्य विभिन्न कोषहरुको समेत गरी बैंक मौज्दात रु.९३४६१८०४.५१ देखाएकोमा सुत्रको म.ले.प.फा.न २७२ मा रु.१२०९४६९२६.२८ देखिन्छ।एकिकृत आ.वि.मा सुत्रमा रहेको भन्दा रु.२७४८५१२१.७७ कम बैंक मौज्दात देखिएकोमा मिति २०७८।३।३१ संघ तर्फको रु.२४७५३०००।०० र प्रदेश तर्फको रु.१७१७०००।०० समेत गरी रु २६४७००००।०० निकासा फिर्ता भएको छ। सुत्रमा बढी देखिएको रु.११६२४०१।०० राजश्व वाँडफाँडमा आम्दनी बाध्नु पर्नेमा आन्तरिक राजश्वमा आम्दानी बाँधिएकोले सुत्रमा बढी भएको पालिकाको भनाई रहेको छ।<br>**अनुदान फिर्ताः** पालिकाबाट प्राप्त सुत्रको अनुसुची २१ मा विभिन्न निकायमा फिर्ता गर्नुपर्ने अनुदान रु.२६४६९७९०.७३ भएकोमा मिति २०७८।३।३१ मा जम्मा रु.२६४७०००।०० सम्वन्धित निकायमा फिर्ता गरेको प्रमाण पेश भएको छ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ। | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन।यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिकसंरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४को नि७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयारगर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको

| | | | | |
|---|---|---|---|---|
| | | | अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचनामागगर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद २ दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्तालिन चाहेमा नियमावलीको नियम ९ वमोजिम प्रत्येक सआर्थिक वर्षको कार्तिक मसान्त भित्र अनुसुची २ को ढाँचा वमोजिमउल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्तदिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२(२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको।<br>• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको,<br>• सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले लेखापरीक्षणको उक्त विवरण उपलब्ध नगराएकोले एकिन गर्न सकिएन। | |
| ६ | | | **सेवा प्रवाह**<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म तथा मृत्यु दर्ताको लागि १५९९ ले निवेदन दिएकोमा१५९९, घरवाटो सिफारिश ३९९ , नागरिकता सिफारिश १२६३, नाता प्रमाणित | |

२४८ चारकिल्ला प्रमाणित ११० तथा अन्य २४७२ संख्यामा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो।पालिकाले सम्वन्ध विच्छेद, पञ्जीकरण दर्ता,वसाइ सराईतथा सिफारिश, पारिवारिक लगतको अभिलेखआदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथामापदण्ड समेत वनाएको छैन।ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

७

**बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा २०७७।०३।१० गते रु.६४ करोड १७ लाख ९५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।१० मा पारित भएको छ।यसैगरी स्थानीय तह प्रमुखले २०७७।३।१६ मा प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

८

**क्षेत्रगत बजेट**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। गाउँपालिकाबाट प्राप्त विवरण अनुसार पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३०४५० | १९२८२ | ३.८७ |
| २ | सामाजिकविकास | २७८७३९ | २५२५६० | ५०.६६ |
| ३ | पूर्वाधारविकास | १५६९१० | ९२८७४ | १८.६३ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | ३९००९ | ३१७७० | ६.३७ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | १३६६८७ | १०२०३१ | २०.४७ |
| कुल जम्मा | | ६४१७९५ | ४९८५१७ | १०० |

पालिकाले वातावरण तथा विपद् व्यवस्थापन तथा संस्थागत विकास र सेवा प्रवाहमा बजेट विनियोजन एवं खर्च गरेको पाइएन।बजेट विनियोजन गर्दा सबै क्षेत्रलाई समेटिने गरी गर्नुपर्दछ।

९

**योजना छनौट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलकर प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ।साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला तथा माग र आवश्यकताका आधारमा योजना छनौट गरि कार्यान्यिवन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१०

**योजना तथा कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलकर प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ।साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्:

| सि न | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | १ लाख भन्दा कमको योजना | ४६ | ४१७८ |
| २ | १ लाख देखि पाँच लाख सम्मका योजना | ७७ | २२४७९ |
| ३ | ५ लाख देखि १० लाख सम्मका योजना | २२ | १९३२५ |
| ४ | १० लाख एक देखि ५० लाख सम्मा योजना | ४० | ७६५०० |
| ५ | ५० लाख भन्दा माथिका योजनाहरु | १ | १८००० |
|  | जम्मा | १८६ | १४०४८२ |

११

**न्यायिक समिति**

| | | | | | |
|---|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको यो बर्ष ४ मुद्दा दर्ता भएकोमा ४ फछ्यौट भई भएको पालिकाबाट प्राप्त विवरणमा उल्लेख भएको छ। न्यय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी प्रभावकारी ढंगबाट न्याय सम्पादन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |
| १२ | | | **पुँजीगतबाट चालु प्रकृतिको खरिद**<br>एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ मा पुँजीगत शिर्षकमा विनियोजन वजेट चालु खर्च गर्न नपाइने उल्लेख छ। यस पालिकाले यस आ.व मा सभाबाटै नै पारित गरी चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी खर्च लेखेको मध्ये लेखापरीक्षणमा आषाढ महिनामा नमुना छनौट गरी परीक्षण गर्दा रु. ६६८२४९३ /- चालु खर्च पुँजीगत वजेटमा समावेश गरी खर्च गरेको पाइयो। पुँजीगतवाट गरिएको चालु प्रकृतिका खर्च मध्ये अधिकांश खर्च खेलकुद कृषी तथा पशुसेवासंग सम्बन्धित कार्यक्रम लगायत विभिन्न समुदाय लक्षित वितरणमुखी कार्यक्रम समावेश भएको पाइयो।पुँजीगत खर्चमा वजेट राखि चालु प्रकृतिका खर्च गरी पुँजीगत खर्चको वजेट देखाउने कार्य नियमसम्मत देखिदैन। चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकमा समावेश गरी वजेट खर्च लेखिनु पर्दछ। पुँजीगत शिर्षकबाट गरीएको चालु खर्चको केहि उदाहरण यस प्रकार छन् । | |

| गो.भौ.न.मिति | चालु प्रकृतिका र वितरणमुखी खर्च विवरण | रकम |
|---|---|---|
| ३३७-२०७८।३।२९ | वोयर बोका खरिद | ४६४५०० |
| ३२२-२०७८।३।२९ | राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता | ५५०००० |
| ३१५-२०७८।३।२९ | नौमति बाजा खरिद | १५०००० |
| ३०९-२०७८।३।२९ | देउराली बाल विकास केन्द्र व्यवस्थापन | ९६००० |
| २९१-२०७८।३।२८ | महिला स्वंयमसेविका क्षमता अभिबृद्धि | १४०००० |
| २८९-२०७८।३।२८ | रोटरी कलब व्यवस्थापन (स्मार्ट टी भि खरिद) | २००००० |
| २८२-२०७८।३।२८ | दलित लक्षित कार्यक्रम | ५००००० |
| २२०-२०७८।३।२२ | नमुना बालिशक्षा तलब | १००००० |
| २१८-२०७८।३।२२ | घाँसको विउ वितरण | ९२००० |
| २१७-२०७८।३।२२ | पशुसेवा औषधि खरिद | १९८९९० |
| २७३-२०७८।३।२७ | वडा नं ८ मा इन्टरनेट जडान | २४८९८८ |
| २७२-२०७८।३।२७ | बडिगाड महिला तथा वालवालिका शसक्तिकरण केन्द्र ढाका उद्योग तालिम | ११३९४४८ |
| २१९-२०७८।३।२७ | राना कुमाल उत्थान पुर्वाधार विकास व्यवसायीक तरकारी खेति | १४१२१६७ |
| २५२-२०७८।३।२६ | तरकारीको विउ वितरण | ३४१५०० |
| २५१-२०७८।३।२६ | धानको विऊ वितरण | १४९४०० |
| १८७-२०७८।३।२० | मुस्लिम लक्षित कार्यक्रम | २००००० |

| | | |
|---|---|---|
| १६४-२०७८।३।१० | ओखरको विरुवा वितरण | ४९९५०० |
| १५८-२०७८।३।७ | अल्पसंख्यक लक्षित कार्यक्रम | २००००० |
| | | ६६८२४९३ |

१३

**चौमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाईकेन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाको सुत्र सफ्टवेयरवाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलव्ध हुनेचौमासिक विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। जसअनुसार पुजीगत खर्चमध्ये आषाढ महिनामा मात्र कुल खर्चको करिव ४८.२४ प्रतिशत खर्च भएको देखिन्छ।वर्षान्तमाहतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासिकमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। **(रु हजारमा)**

| पूँजीगत वजेट | कुल खर्च | चौमासिक खर्च | | | असार महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | |
| कुल पुँजीगत खर्च | १३१३५० | १२७५६ | २१८१० | ९७७८७ | ६३३५७ |
| प्रतिशत | १०० | ९.०२ | १६.५४ | ७४.४४ | ४८.२४ |

१४

**खरिद योजना तथा गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सिमाको भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिद गुरुयोजना तथा खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वार्षिक विभिन्न मालसमान खरिद एवं निर्माण कार्य गरेकोमा खरिद योजना तथा गुरुयोजना गरेको छैन ।गाउँपालिकाले ऐन नियमावलीमा भएको प्रावधानको पूर्णरुपमा पालना गर्नुपर्ने देखिन्छ ।

१५

**मौजुदा सुचि दर्ता**



https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ क बमोजिम प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा ४, दफा ४१ को उपदफा १ को खण्ड क र दफा ४६ बमोजिम गरिने खरिदको प्रकृति अनुसार आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १० को उपदफा २ बमोजिम योग्यताका आधारमा छुट्टाछुट्टै सुची तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।तर पालिकाले उपरोक्त अनुसारको मौजुदा सुची तयार गरेको देखिएन। पालिकाले खरिद ऐनमा भएको व्यवस्थाको पूर्णरुपमा पालना गर्नुपर्ने देखिन्छ । | |
| १६ | | | **आर्थिक सहायता**<br>सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलब्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको गाउँपालिका चालुबाट उक्त शिर्षकमा बार्षिक रु.७३ लाख ९२ हजार भुक्तानी भएको पालिकाबाट पाप्त विवरणमा उल्लेख छ।लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा १५ ब्यक्ति तथा संस्थालाई रु.६५८५१०।०० आर्थिक सहायता वितरण गरेको देखियो।आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधि तयार नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो।पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।पालिलकाले चालु आ.व.मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन्। | |

| गो भौ न र मिति | आर्थिक सहायता प्रदान गरिएको व्यक्ति तथा सस्था | सहायता रकम |
|---|---|---|
| १६।२०७७।५।२५ | टिकाराम घर्ती मगर | ४०००० |
| ८।२०७७।५।२३ | कृष्ण बहादुर बुढा | १०००० |
| ७।२०७७।५।२३ | ढोरपाटन न पा अन्य संस्था सहयोग | २००००० |
| ५।२०७७।५।११ | ललि दमाई | १८००० |
| ८।२०७७।५।२३ | कृष्ण बुढा मगर | १०००० |
| १८।२०७७।५।२९ | इन्द्र बहादुर घर्ती | १०००० |
| २५।२०७७।५।२९ | मन बहादुर घर्ती | १०००० |
| ३१।२०७७।६।८ | टोप बहादुर कामी | २०००० |
| ३३।२०७७।६।९ | धन बहादुर बुढा मगर | १०००० |
| ३४।२०७७।६।९ | तिल बहादुर छन्त्याल | १५००० |
| ३६।२०७७।६।१२ | दिल बहादुर घर्ती | २०००० |
| ३७।२०७७।६।१२ | चेत नारायण घिमिरे | २५००० |
| ४१।२०७७।६।१२ | मनी घर्ती मगर | १०००० |
| ४०६।२०७८।३।३१ | राष्ट्रिय आविष्कार केन्द्र | १००००० |
| | जम्मा | ६५८५१० |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | | | **लागत अनुमान तयार नगरेकोः**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा कुनै पनि सार्वजनिक निकायले सामान खरिद गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ (२) मा लागत अनुमान तयार गर्दा लिनुपर्ने आधार उल्लेख गरेको छ । कार्यालयले अनुदान दिइ लाभग्राही समिति मार्फत ५० प्रतिशत अनुदानमा मिनिटिलर, हात्ते कर्न सेलर, मेटल विन र कम्वाईन मिल खरिद गर्दा गर्दा अधिकांश लाभग्राही समितिले लागत अनुमान तयार गरेको पाइएन। यसमा सुधार गर्नुपर्दछ । | |
| १८ | | | **यान्त्रिक उपकरण खरिदः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु ५ लाख भन्दा वढीको खरिद गर्दा सिलवन्दी दरभाउपत्रको माध्यमवाट गर्नुपर्नेमा सो नगरी देहायका बिभिन्न फर्महरुबाटकृषि यान्त्रिक उपकरणहरु सोझै खरिद गरिएको तथा सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एउटा आपूर्तिकर्तासंग सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नहुने उल्लेख छ।<br>कार्यालयले विभिन्न कार्यविधि अनुसार लाभग्राही समुहले सामान खरिद गरेको बिलको आधारमा रकम भुक्तानी गरेको छ। पटक पटक मात्रामा अनुदान भुक्तानी दिइ सामान खरिद गर्दा सार्वजनिक खरिद कानून आकर्षण हुनुपर्नेमा यस्तो अभ्यास पालिकाले गरेको देखिदैन। प्रतिस्पर्धा वेगर एउटै प्रकृतिका सामानहरुलाई टुक्रयाई खरिद गर्दा गर्दा मितव्ययीता तथा गुणस्तरमा ह्रास आउने हुंदा पालिकाले कार्यविधिमा भएको व्यवस्थाको पालना गरी प्रतिस्पर्धालाई वढावा दिनुपर्दछ। विभिन्न कृषि यान्त्रिक उपकरण खरिद गर्दा सोझै समुहले खरिद गरेकोमा कार्यालयले उपकरण तथा कार्यक्रम अनुसार विभिन्न प्रतिशत अनुदान दिएका केही समुहको नाम तथा विवरण देहायअनुसार छः<br>· कार्यालयले भौ नं १९५ वाट मकै पकेट क्षेत्र संचालन समितिलाई ५० प्रतिशत अनुदान वापत रु. ५४२७९०।०० भुक्तानी दिएकोमा उक्त रकम मध्ये रु १६०८५०।०० को हाते कर्न सेलर ,कुटानी पिसानी मिल लगायतका सामाग्री खरिद गरेको देखिन्छ भने रु. २५५००० को १८० वटा त्रिपाल र रु १०००००।०० को ४ थान मिनिटिलर खरिद गरेको देखिन्छ।<br>· कार्यालयले भौ नं १९७ वाट कोदो पकेट कार्यक्रमको लागी समितिलाई रु २१५५०३। (५० प्रतिशत अनुदान) उपलव्ध गराएको छ। जसमा मिनि टेलर,कम्वाईन मिल, त्रिपाल कोदो चुटने मेशिन खरिद गरेको छ।<br>· कार्यालयले भौ नं २०२ वाट कोदो विकास कार्यक्रम संचालन समितिलाई रु २३०८९५। (५० प्रतिशत अनुदान) उपलव्ध गराएको छ। जसमा ५ थान मिनिटिलर रु ५२०००। को दरले खरिद गरेको देखिन्छ।<br>· भौ नं २०८ वाट मकै पकेट कार्यक्रम संचालनका लागि दर्लिङ कृषक समुहलाई रु.४४१२३०।०० अनुदान उपलव्ध गराएकोमा मिनि टेलर, कोदो चुट्ने मिल, त्रिपाल लगायतका सामाग्रीहरु खरिद गरेको देखिन्छ।<br>· भौ.न. २०९ वाट अलैचि पकेट कार्यक्रम संचालनको लागि दगातुङडाङ कृषक समूहलाई रु.५९००००।०० अनुदान उपलब्ध गराएकोमा ३ वटा मिनिटिलर रु. ८००००।०० का दरले खरिद गरेको देखिन्छ। | |

| | | | | |
|---|---|---|---|---|
| | | | · कार्यालयले अनुदान उपलव्ध गराएको सम्पुर्ण लाभग्राहीले खरिद गरेको मिनिटिलर प्रतिष्पर्धा वेगर एक मात्र विक्रेता मल्टि ईलेक्ट्रिकल्स एण्ड सप्लायर्सवाट खरिद गरको देखिन्छ। | |
| १९ | | | **गाडी बुझेको प्रमाण**<br>गण्डकी प्रदेश सरकारले जारी गरेको गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बनधी ऐन, २०७६ को दफा ४ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यको यातायात खर्च सम्बन्धी व्यवस्था गरिएको छ। पालिकामा २ वडा गाडी प्रयोगमा रहेको तर सो गाडी जिम्मेवार पदाधिकारी कसैले पनी बुझेको पाईएन।जिम्मेवार पदाधिकारीले गाडी नबुझेको कारण मासिक यातायात सुविधा रु.१२००० का दरले कुल रु.१४४००० स्थानीय सरकारलाई व्यय भार परेको देखिन्छ।स्थानीय सरकारको व्ययभार कम गर्न उक्त गाडी यथाशिघ्र जिम्मेवार पदाधिकारीले यथाशिघ्र बुझेको प्रमाण पेश गर्नुपर्दछ। | |
| २० | | | **यातायात सुविधा**<br>गण्डकी प्रदेश सरकारले जारी गरेको गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधमा सम्वन्धी ऐन, २०७६ को दफा ४ पदाधिकारीले सवारी साधन लिएकोमा ऐनको अनुसूचीमा उल्लिखित इन्धन तथा मोबिल खर्च पाउने एंव सवारी साधनको सुविधा लिने पदाधिकारीले सोही अनुसूचिमा उल्लेख भएको यातायात खर्च वापतको मासिक सुविधा लिन नमिल्ने उल्लेख भएकोमा गाउँपालिकाका निम्न वडाका वडाध्यक्षहरुले पालिकाबाट मोटरसाइकल सुविधा लिएकोमा समेत मासिक यातायात सुविधा बुझेको पाइयो। पालिकाले सवारी साधन लिएका वडाध्यक्षहरुलाई इन्धन सुविधाको रकम भुक्तानी भएको भनिएकोमा इन्धन मासिक १५ लिटर हुनुपर्नेमा इन्धन वापतको रकम भुक्तानी भए पालिकाबाट इन्धन भुक्तानी नभएको प्रमाण एंव इन्धनको बील पेश गर्नुपर्ने अन्यथा ऐनमा भएको व्यवस्थाको विपरीत भुक्तानी लिएको रकम सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु... | १०८,००० |

| सि न | पद | नाम थर | वडा नं | सवारी साधन नं | भुक्तानी लिएको रकम वार्षिक |
|---|---|---|---|---|---|
| 1. | वडाध्यक्ष | अर्जुन प्रसाद खरेल | ५ | ध १ ब १९८ | १८००० |
| 2 | वडाध्यक्ष | कृष्ण बहादुर खत्री | ९ | ध १ ब १९७ | १८००० |
| 3. | वडाध्यक्ष | कृष्ण गुरुङ | ७ | ध १ ब २८० | १८००० |
| 4. | वडाध्यक्ष | बम बहादुर थापा | १ | ध १ ब ८८ | १८००० |
| 5. | वडाध्यक्ष | खडग बहादुर पुन | ३ | ध १ ब १६४ | १८००० |
| 6. | वडाध्यक्ष | मौसम काजी खत्री | ६ | ध १ ब ३९१ | १८००० |
| | | | | जम्मा | १०८००० |

| | | | | |
|---|---|---|---|---|
| २१ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमानमा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ एंव सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा प्रदेश तथास्थानीय तहले सरकारी रकम खर्च गर्दा आवश्यकता आधारमा मितव्ययी ढंगबाट खर्च गर्नुपर्ने उल्लेख गरेको छ।पालिकाले यो वर्ष खाना तथा विविधमा रु.२४ लाख ६१ हजार खर्च गरेको छ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ। | |
| २२ | | | **आन्तरिक लेखापरीक्षण आंशिक मात्र भएको**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ। तर कार्यालयले आय र व्ययको पुर्ण आन्तरीक लेखापरीक्षण नगरी एकल खाता कोष प्रणाली (TSA) वाट निकासा रकमको मात्र लेखापरीक्षण गरेको पाइयो।पुर्ण रुपमा आन्तरीक लेखापरीक्षण नहुँदा आन्तरीक नियन्त्रण प्रणाली कमजोर हुने तथा जसवाट आय र व्ययको यथार्थता चित्रण समेत नहुने अवस्था रहन्छ। अतः आन्तरीक लेखापरीक्षण अनिवार्य गर्नुपर्ने व्यवस्थाको पालना गर्नुपर्दछ। | |
| २३ | | | **घटी परिमाण उत्खनन** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको छ।गण्डकी प्रदेश सरकारले आफ्नो क्षेत्रभित्रको ढुंगा, गिट्टी, वालुवा उख्खनन कार्यको लागि ठेक्का वन्दोवस्त गर्दा प्रारम्भिक वातावरणीय मूल्यांकन (IEE) प्रतिवेदनले निर्धारण गरेको परिमाण बमोजिम मू=.अ कर बाहेक प्रति क्यूफिट दर रु=७ कायम गरी न्यूनतम मूल्यांकन कायम गरी ठेक्का प्रकृया अगाडी बढाई राजश्व संकलन गर्ने तथा सोको अनुगमन लगाएतका सम्पूर्ण अधिकार सम्वन्धित स्थानीय तहको हुने कुरा उल्लेख गरेको छ।पालिकाले आफ्नो क्षेत्रभित्रको नदीजन्य पदार्थको मूल्यांकन गरी राजश्व संकलन गरेको पाइएन।पालिका अन्तर्गतका विभिन्न ४ (चार) घाटबाट जम्मा रु.२० लाख ९३ हजार राजश्व संकलन गरेको देखियो।पालिका अन्तर्गतका खोला तथा नदीबाट ढुंगा, गिट्टी, वालुवा उख्खननबाट यस आ.व मा १२७२२०४.५० घनफिट नदीजन्य पदार्थ उत्खनन गर्न सकिने भनी ग्लोवल इम्प्याक्ट्रस प्रा.लि. ले मिति २०७७ साल कार्तिक २६ तयार पारी सम्वन्धित निकायले स्वीकृत गरेको प्रारम्भिक वातावरणीय मूल्यांकन (IEE) प्रतिवेदनमा उल्लेख भएकोमा पालिकाले यस आ.व मा जम्मा २६४२८९ घनफिटको मात्रै ठेक्का संझौता गरी राजश्व आम्दानी गरेको पाइयो।पालिकाले प्रारम्भिक वातावरणीय मूल्यांकन (IEE) प्रतिवेदनमा उल्लेख भएको परिमाणको प्रति क्यूफिट रु.७ का दरले मूल्यांकन गरी आय ठेक्का प्रक्रिया गर्नुपर्नेमा प्रतिवेदनमा उल्लिखित परिमाणको करिव २०% परिमाणको मात्रै ठेक्का संझौता गरेको छ।ठेक्का लागेका घाटहरुबाट संझौता बमोजिमको परिमाणमा मात्रै नदीजन्य पदार्थको उत्खनन भएको मान्न कुनै आधार समेत देखिदैन।प्रारम्भिक वातावरणीय मूल्यांकन (IEE) प्रतिवेदनले निर्धारण गरेको परिमाण भन्दा १००७९१५ क्यूफिट कमको मूल्यांकन गरी ठेक्का लगाएबाट प्रति क्यूफिट रु.७ का दरले १००७९१५ क्यूफिटको रु.७० लाख ५५ हजार र सोको मू अ कर समेत गरी रु.७९ लाख ७३ हजार वरावरले पालिकाको राजश्व कम संकलन भएको देखिन्छ।<br>*यस सम्वन्धमा ठेक्का लगाएका नदी तथा खोलाको केही भागमा मात्रै सडकको पहुँच भएको र बाँकी भागमा स्थानीयको विवाद समेत भएको कारण प्रारम्भिक वातावरणीय मूल्यांकन (IEE) प्रतिवेदनमा उल्लेखित परिमाणमा ठेक्का संझौता नभएको पालिकाको भनाई रहेको छ।* | |
| २४ | | | **ढुंगा, गिट्टी तथा वालुवा**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको छ।गण्डकी प्रदेश सरकारले आफ्नो क्षेत्रभित्रको ढुंगा, गिट्टी, वालुवा उख्खनन कार्यको लागि ठेक्का वन्दोवस्त गर्दा प्रारम्भिक वातावरणीय मूल्यांकन (IEE) प्रतिवेदनले निर्धारण गरेको परिमाण बमोजिम मू=.अ कर बाहेक प्रति क्यूफिट दर रु=७ कायम गरी न्यूनतम मूल्यांकन कायम गरी ठेक्का प्रकृया अगाडी बढाई राजश्व संकलन गर्ने तथा सोको अनुगमन जस्ता सम्पूर्ण अधिकार सम्वन्धित स्थानीय तहको हुने कुरा उल्लेख गरेको छ।पालिकाले आफ्नो क्षेत्रभित्रको नदीजन्य पदार्थको मूल्यांकन गरी राजश्व संकलन गरेको पाइएन।आर्थिक ऐनमा व्यवस्था भएका विज्ञापन कर, मनोरञ्जन कर,नक्सापास दस्तुर, सवारी साधन कर लगाएतका शिर्षकबाट पालिकाले शून्य आम्दानी गरेको छ।पालिकाले आन्तरिक आयका आधारमा थप सेवा सुविधा निर्धारण गर्न पाउने तथा कार्यक्रम समेत बनाउन जस्ता अधिकार भएकोमा आय बढाउने तर्फ पालिकाले ध्यान दिएको देखिदैन।आगामी दिनमा पालिकाले आय बृद्धि गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखियो। | |
| २५ | | | **दिवा खाजाः** | ९,१२० |

| | | | | |
|---|---|---|---|---|
| | | | शि्षा,विज्ञान तथा प्रविधि मन्त्रालयवाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसंग सम्वन्धित कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.११.१.(७.२) मा लक्षित समूहका लागि दिवाखाजा कार्यक्रमको लागी विद्यालयलाइ अनुदान दिने व्यवस्था रहेको छ। जसअन्तर्गत सामुदायिक विद्यालयमा अध्ययनरत प्रारम्भिक वालविकास कक्षा देखि ५ कक्षासम्म प्रति विद्यार्थी दैनिक रु १५ का दरले दिवा खाजा वापतको रकम अनुदान उपलव्ध गराउने व्यवस्था रहेको छ।पालिकाले IEMIS मा उल्लेखित विद्यार्थी संख्याका आधारमा मात्र सो अनुदान रकम उपलब्ध गराउनुपर्नेमा भगवती प्रा.वि. दगाको IEMIS मा उल्लेखित विद्यार्थी संख्या १९ र विद्यालय खुलेको दिन ३२ अनुसार १५ का दरले रु.९१२० निकासा दिनुपर्नेमा ३८ जना विद्यार्थी राखि विद्यालय खुलेको ३२ दिनको रु.१५ का दरले रु.१८२४०।निकासा दिएको पाईयो। उक्त वढि निकासा दिएको रकम विद्यालयवाट असुल गर्नुपर्ने रु. | |
| २६ | | | **नयाँ भर्नाः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.३ मा सिकाईका लागि निरन्तर विद्यार्थी मूल्याकंनःआवश्यक सामाग्री, सुधारात्मक शिक्षण अनुदान,कक्षा १ मा नयां भर्ना भएका विद्यार्थीका लागी प्रति विद्यार्थी वार्षिक रु.१०० अनुदान निकासा दिने व्यवस्था भएकोमा पालिकाले IEMIS मा प्रविष्ट नयां विद्यार्थी भर्ना संख्या ७३२ जना रहे अनुसार रु. ७३२०० निकासा दिनुपर्नेमा १४७५ जना विद्यार्थी वरावरको रु. १४७५००। निकासा दिई खर्च लेखेको पाईयो।उक्त वढी निकासा दिएको रकम असूल गर्नुपर्ने रु. | ७४,३०० |
| २७ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून अनुसार दिएको पेश्की म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फछ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई वेरुजू नमानिने व्यवस्था गरेको छ।पालिकाको आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसारका निर्माण व्यवसायी, व्यक्ति, संस्था तथा उपभोक्ता समितिहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असूल फछ्यौट गर्नुपर्ने रु... | ८९२,००० |

| गो भौ न | पेश्की लिने व्यक्ति/फर्म/कम्पनी | वापत | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|---|
| ७ | माउन्टेन कविन्द्र जे भी | मो.पेश्की, समपुरक कोषबाट | ५१८५४८२ | |
| ४ | सातविसे कन्ट्रक्सन प्रा लि | मो. पेश्की, पोखरी निर्माण | ९९६३२३ | |
| – | कालीगण्डकी प्रदिप जुम्ली जे भी | मो. पेश्की, १५ शैयाको अस्पताल निर्माण | ८६६०७१८ | |
| १४२ | सिमखानी मा वि | शिक्षा | | १५८४०० |
| ११७ | वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति | वडा नं ३ को वडा कार्यालय भवन निर्माण | | ६३३६०० |
| १० | राजन कुमार पाइजा | इन्धन खरिद वापत | | २५००० |
| १० | राजन कुमार पाइजा | हेभी इक्यूमेन्ट मर्मत संभार | | ७५००० |
| | जम्मा | | १४८४२५२३ | ८९२००० |

२८

**सफ्टवेयरको प्रयोग**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन,, २०७५ मा सरकारी रकम खर्च गर्दा सोको प्रभावकारी रुपमा उपयोग हुने क्षेत्रमा मात्र खर्च गर्नुपर्नेमा पालिकाले राजश्व सम्वन्धि काम तथा सोसंग सम्वन्धित अभिलेख व्यवस्थान गर्नको लागि मालिका इन्फोसिस एण्ड सर्भिसेस प्रा लि संग सफ्टवेयर खरिद गरी रु २३७३००।०० भुक्तानी भएकोमा पालिकाले उक्त सफ्टवेयरबाट १० वडामध्ये वडा नं ४ मा मात्र सोको प्रयोग गरी राजश्व संकलन गरेको पाइयो।पालिकाले उक्त सफ्टवेयर १० वटै वडामा कार्यान्वयन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

२९

**औषधि खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा ५ लाख भन्दा वढीको खरिद गर्दा शिलवन्दी दरभाउपत्रको

| | | | | |
|---|---|---|---|---|
| | | | माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ ।पालिकाले यस आर्थिक वर्षमा शर्शत अनुदानवाट रु.१००००००।०० को औषधी गरेको छ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः<br>· आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण संझौतामा औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधी प्राप्त भए नभएको एकिन नभएको,<br>· आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको,<br>· औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाटहस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>· पालिका द्धारा निशुल्क स्वास्थ्य कार्यक्रम भनि लोगो राखेको हुनुपर्ने उल्लेख गरेकोमा उक्त लोगो भएकोछ भन्ने प्रमाण संलग्न नरहेको,<br>· म्याद नाघ्न लागेका तथा म्याद नाँघी डिस्पोजल गर्नुपर्ने र गरेका औषधीको एकिकृत अभिलेख नराखेको,<br>· पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको,<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३० | २४८ | २०७८-३-३० | **हातिपाईले रोग निवारण कार्यक्रमः**<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट जारी भएको आर्थीक वर्ष २०७७।७८ मा शर्शत अनुदानतर्फ स्थानीय तहवाट कार्यान्वयन गरीने स्वास्थ्य तथा जनसंख्या सम्वन्धी कार्यक्रमहरुको लागी सञ्चालन मार्गदर्शनको इपिडिमियोलोजी तथा रोग नियन्त्रण कार्यक्रमको क्रियाकलाप नं २.७.२२.७० को कार्यक्रम नं (ट) मा पालिका स्तरमा प्रतिस्वास्थ्यकर्मी प्रतिदिन १४० जना जनसंख्यालाई औषधी सेवन गराउने र सोही अनुपातमा स्वास्थ्य स्वयंसेविका समेत परिचालन हुने गरी वजेट व्यवस्थापन गरिएकोमा पालिकाभित्र २५०४४ जनसंख्यालाई औषधी सेवन गराउन १७९ जना स्वास्थ्यकर्मी र सोही अनुपातमा महिला स्वास्थ्य स्वयंसेविका परिचालन गर्नुपर्नेमा ३५७ जना स्वास्थ्यकर्मी र २४२ जना महिला स्वयंमसेविका परिचालन गरी खर्च लेखेको पाईयो।नर्मस भन्दा वढी स्वास्थ्यकर्मी १७८ जनाको रु.७०० का दरले रु.१२४६०० र स्वयंसेविका ६३ जनाको रु.६०० का दरल रु. ३७८००।०० समेत गरी कुल रु.१६२४००।०० वढी भुक्तानी भएकोले उक्त वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | १६२,४०० |
| ३१ | 223 | २०७८-३-२४ | **कम करकट्टी गरी भुक्तानीः**<br>आयकर ऐन २०५८ अनुसार नियमित रुपमा नभई पटके रुपमा प्राप्त गर्ने वैठक भत्ता लगायतका अन्य भत्तामा १५ प्रतिशत अग्रिम करकट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले स्वास्थ्य तर्फको कोरोना रोकथाम आइसोलेसन स्वाव कलेक्सन कार्यको लागी खटिएका १० जना कर्मचारीहरुलाई जोखिम भत्ता | २८,३७६ |

| | | | | |
|---|---|---|---|---|
| | | | वापत रु.२०२६८६।भुक्तानी गरिएकोमा १% मात्र सासु कर कट्टी गरेको पाईयो।बाँकी १४% कर रकम सम्वन्धित व्यक्तिवाट दामासाहीले असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु. | |
| ३२ | | | **शिक्षक विद्यार्थी अनुपातः**<br>पालिकावाट प्राप्त विवरण अनुसार पालिकामा सञ्चालनमा रहेका ६५ विद्यालयहरुको शिक्षक पदपुर्ती तथा विद्यार्थीको संख्या निम्नानुसार रहेको छ। | |

| सि.न. | विद्यालयको नाम | शिक्षक दरवन्दी | पदपूर्ती | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | जनता आ.वि. | ६ | ६ | ६ | ६ |
| २ | सिद्धवारी प्रा.वि. | ३ | ३ | १ | २२ |
| ३ | सिद्ध मा.वि. | ७ | ७ | ५ | ३९२ |
| ४ | किटेनी मा.वि. | ९ | ९ | ६ | १९२ |
| ५ | लौँगा मा.वि. | ६ | ६ | ४ | ३०२ |
| ६ | थानपति आ.वि. | ७ | ७ | २ | १६६ |
| ७ | शिवालय प्रा.वि. | ४ | ४ | ० | १७ |
| ८ | रेमली टोला प्रा.वि. | ३ | ३ | १ | ६८ |
| ९ | नैतुल आ.वि. | ४ | ४ | १ | १३५ |
| १० | भगवती प्रा.वि. | ४ | ४ | १ | ६६ |
| ११ | गुफा आ.वि. | ३ | ३ | १ | ९५ |
| १२ | देउराली प्रा.वि. | २ | २ | ० | ६७ |
| १३ | सिद्ध प्रा.वि. | ३ | ३ | ० | ४४ |
| १४ | सुरकुडी प्रा.वि. | ४ | ४ | ३ | ३१ |
| १५ | नेपाने आ.वि. | ४ | ४ | १ | १७१ |
| १६ | अदुवाबारी प्रा.वि. | ३ | ३ | ० | ७९ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १७ | खड्गजयन्ती आ.वि. | ४ | ४ | १ | २५३ | | |
| | | | | | १८ | सरस्वती प्रा.वि. | ४ | ४ | २ | ७२ | | |
| | | | | | १९ | भगवती प्रा.वि. | २ | २ | १ | ११७ | | |
| | | | | | २० | लुङ्खानी प्रा.वि. | २ | २ | १ | ५५ | | |
| | | | | | २१ | डाँफेपाताल आ.वि. | ३ | ३ | २ | १०३ | | |
| | | | | | २२ | शिद्ध प्रा.वि. | २ | २ | १ | ४४ | | |
| | | | | | २३ | बेतेनी प्रा.वि. | १ | १ | १ | १० | | |
| | | | | | २४ | नवजागरण प्रा.वि. | २ | २ | १ | ५० | | |
| | | | | | २५ | कालिका प्रा.वि. | २ | २ | २ | ५२ | | |
| | | | | | २६ | भिरकटेरा ताल प्रा.वि. | २ | २ | १ | ५२ | | |
| | | | | | २७ | माइस्थान प्रा.वि. | ३ | ३ | २ | ५४ | | |
| | | | | | २८ | मालारानी प्रा.वि. | २ | २ | १ | ५२ | | |
| | | | | | २९ | विद्याप्रकाश प्रा.वि. | २ | २ | २ | ५२ | | |
| | | | | | ३० | सरस्वती प्रा.वि. | ३ | ३ | २ | ४९ | | |
| | | | | | ३१ | सिसाखानी मा.वि. | ११ | ११ | ५ | २४३ | | |
| | | | | | ३२ | देविस्थान प्रा.वि. | २ | २ | १ | १५ | | |
| | | | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३३ | चिसापनी प्रा.वि. | ३ | ३ | २ | १२० | |
| | | | | ३४ | आदित्य प्रा.वि. | १ | १ | १ | ४३ | |
| | | | | ३५ | सरस्वती प्रा.वि. | २ | २ | २ | ३१ | |
| | | | | ३६ | दिपतारा प्रा.वि. | २ | २ | २ | ३६ | |
| | | | | ३७ | सिद्धबराह प्रा.वि. | २ | २ | २ | ५५ | |
| | | | | ३८ | चमेरोगुफा प्रा.वि. | २ | २ | २ | १४ | |
| | | | | ३९ | कालिका प्रा.वि. | २ | २ | १ | ४३ | |
| | | | | ४० | दर्लिङ मा.वि. | १० | १० | ७ | ४९३ | |
| | | | | ४१ | बुद्ध मा.वि. | ९ | ९ | ५ | ३७३ | |
| | | | | ४२ | भिमगिठे मा.वि. | १५ | १५ | ८ | ७१५ | |
| | | | | ४३ | भानु मा.वि. | १८ | १८ | ५ | ६६५ | |
| | | | | ४४ | पौदीटारी आ.वि. | ७ | ७ | ३ | २२० | |
| | | | | ४५ | त्रिभुवन मा.वि. | २४ | २४ | १८ | ११११ | |
| | | | | ४६ | दगान्तुडाँडा प्रा.वि. | ४ | ४ | १ | ६१ | |
| | | | | ४७ | खार मा.वि. | ८ | ८ | १ | ३३४ | |
| | | | | ४८ | खड्कदेवी मा.वि. | १३ | १३ | १० | ४४१ | |
| | | | | ४९ | बनस्पति मा.वि. | १४ | १४ | ५ | ५०८ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ५० | माझखर्क प्रा.वि. | ३ | ३ | २ | ९२ | | |
| | | | | ५१ | शिद्ध प्रा.वि. | ४ | ४ | ० | ७० | | |
| | | | | ५२ | जनक आ.वि. | ५ | ५ | २ | १८५ | | |
| | | | | ५३ | भानु आ.वि. | ६ | ६ | ३ | ३४६ | | |
| | | | | ५४ | भृकुटी मा.वि. | १० | १० | ९ | २३२ | | |
| | | | | ५५ | कञ्चनापुर आ.वि. | ३ | ३ | १ | १६९ | | |
| | | | | ५६ | कञ्चनादेवी प्रा.वि. | ३ | ३ | १ | ४६ | | |
| | | | | ५७ | माइस्थान प्रा.वि. | ३ | ३ | ० | ५४ | | |
| | | | | ५८ | किटेनी प्रा.वि. | १ | १ | १ | २३ | | |
| | | | | ५९ | चण्डीस्थान प्रा.वि. | १ | १ | ० | ४४ | | |
| | | | | ६० | दिपज्योती प्रा.वि. | १ | १ | ० | ३१ | | |
| | | | | ६१ | फुलबारी प्रा.वि. | १ | १ | ० | ३३ | | |
| | | | | ६२ | तिनचुले प्रा.वि. | १ | १ | १ | ३० | | |
| | | | | ६३ | देविस्थान प्रा.वि. | १ | १ | ० | २८ | | |
| | | | | ६४ | सिर्जनशील प्रा.वि. | १ | १ | १ | १९ | | |
| | | | | ६५ | देउराली प्रा.वि. | १ | १ | १ | ७९ | | |
| | | | | जम्मा | | ३०० | ३०० | १५२ | ९८७० | | |

| | | | | |
|---|---|---|---|---|
| | | | यस सम्बन्धमा देखिएका व्यहोरा देहाय वमोजिम रहेका छन।<br>सि.न.१ जनता आ.वि. मा शिक्षक दरवन्दी संख्या ६ र विद्यार्थी संख्या ६ रहेको छ।त्यस्तै गरी सि.न. ६३ को देविस्थाण प्रा.वि. मा शिक्षक दरवन्दी १ र विद्यार्थी संख्या २८ रहेको छ।पालिकाले भौगोलिक दुरी तथा उपलब्ध स्रोत साधन र विद्यार्थी संख्याका आधारमा विद्यालयहरुलाई एक आपसमा गाभ्नुपर्ने देखिन्छ। | |
| ३३ | | | **वढी निकासाः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघी त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ।पालिकाले तेस्रो त्रैमासिकको तलव निकासा दिंदा सिद्ध मा.वि.का शिक्षक प्रेम बहादुर वि.क.लाई मासिक रु.३१६७१। का दरले कुल रु.९५०१३ निकासा दिनुपर्नेमा रु.१०५०१२ निकासा दिएको पाईयो।उक्त वढी निकासा दिएको रकम निज शिक्षकवाट असूल गरी संघिय संचितकोष दाखिला गर्नुपर्ने रु. | ९,९९९ |
| ३४ | | | **तलवि प्रतिवेदन पारित नगरी खर्च लेखेकोः**<br>निजामती सेवा ऐन 2049 को दफा 7 (2) ख वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी शिक्षकहरुको तलव भत्ता वर्षभरीमा रु.१३०१९६४१४।निकासा दिई खर्च लेखेको पाईयो।जसले गर्दा निकासा हुनुपर्ने भन्दा वढी ग्रेड रकम निकासा हुन सक्ने भएकोले आगामी दिनमा कार्यालयले तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता निकासा दिनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ३५ | | | **कृषिमा अनुदानः**<br>सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास मार्फत उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ। यस संवन्धमा देखिएका केही व्यहोरा देहायअनुसार छन्।<br>·अनुदान दिएका कृषकको अनुगमन गरी उत्पादन र उत्पादकत्व सम्वन्धमा लिखित प्रतिवेदन तयार गरेको छैन।<br>· विभिन्न कार्यविधिहरुमा एक पटक कुनै तहवाट अनुदान लिएकाको हकमा २/३ वर्षसम्म कुनै पनि तहका सरकारले अनुदान नदिने उल्लेख भएकोमा सो को विवरण देखिने गरी कागजात रहेको देखिदैन।<br>· केही मापदण्ड तथा पुराना कार्यविधिमा अनुदान ग्राहीले कम्तीमा १० वर्षसम्म अविच्छिन्न रुपमा प्रस्ताव वमोजिमको कार्य गर्नुपर्ने उल्लेख भएकोमा सो को परिपालनाको लागि संयन्त्र विकास गरेको छैन जसले गर्दा अनुदान लिने र अवधि सकिएपछि काम छाडने प्रवृत्ति देखिएकोले यसमा नियन्त्रण गर्ने गरी क्रियाकलाप सन्चालन गर्नुपर्ने देखिन्छ।<br>· अनुदानग्राहीले ३ वटै सरकारवाट अनुदान लिए नलिएको सुनिश्चित गरेको छैन । | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | | | **वढी कार्य दिनः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघी त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ।पालिकाले पञ्जिकरण कार्यक्रमको लागि घटना दर्ता डिजिटाईजेशन गर्न ३ जना व्यक्तिहरु करार सेवा मार्फत मासिक रु.२६६१०। भुक्तानी दिने गरी बाबुराम पौडेल, हेम प्रसाद वि.क. र बुद्ध पाण्डेसँग मिति २०७७।८।२१ मा सम्झौता गरेको देखियो। करार सम्झौतामा उल्लेख भए अनुसार दैनिक कम्तिमा १२४ मृत्युदर्ता, ९२ विवाहदर्ता, ७१ बसाइसराई, ८३ सम्बन्ध विच्छेद दर्ता ,६६ प्रविष्टी तथा ६६० पेज स्कयान गर्नुपर्ने रहेको छ। पालिकावाट प्राप्त प्रतिवेदन अनुसार २६२१७ घटना दर्ता डिजिटाईजेशन भएको छ।सो घटना डिजिटाईजेशन गर्न सम्झौता उल्लेख भएको शर्त अनुसार कार्य गर्दा २०७८। १०।२१ मा कार्य सम्पन्न हुने देखिन्छ।कार्यालयको भनाई अनुसार पुराना कागजात भएको कारण उक्त कार्य समयमै सम्पन्न हुन नसकी मिति २०७८।११।२१ समय थप गरी कार्य सम्पन्न भएको पाइयो।सम्झौताको शर्त अनुसार पहिलो २ महिनामा कार्य सम्पन्न हुने देखिएको हुंदा थप १ महिना कार्य दिन लागि खर्च लेखेको रकम संघिय सरकारलाई थप व्ययभार पर्न जाने रु. | ७९,८३० |
| ३७ | | | **वढी दरको प्रयोगः**<br>पालिकाले निर्माण कार्यको दररेट निर्धारण गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट वा तोकिएको दररेटको आधारमा प्रति इकाई लागत निर्धारण गर्नुपर्दछ।पालिकामा नेपाल सरकार सशर्त अनुदान तर्फको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको विपन्न श्रमिकको दैनिक ज्याला प्रतिदिन रु.५१७।०० निर्धारण गरी स्थानीय तहमा वजेट निकासा भएको छ।स्थानीय ग्रामिण तथा कृषि सडकको स्वीकृत नर्म्स नं २-१ २.२, २- १.८ र २-१.९ मा सडक तथा ड्रेनमा कडा माटो खन्ने प्रति घनमिटर कार्यमा लाग्ने मानिसको परिमाण ०.६ तथा नरम माटो खन्ने ०.५ भएकोमा प्रधानमन्त्री कार्यक्रम अन्तर्तग नमुना छनौटको आधारमा निम्न योजनामा उक्त कार्यको लागत अनुमानमा म्यानडेज ०.६ र ०.५ नराखी ०.७ र ०.८ राखी लागत अनुमान तयार गरेको पाइयो।यसरी लागत अनुमान भएको कारणबाट संघीय सरकारलाई थप व्ययभार परेको रु. | ५३७,८९६ |

| योजनाको नाम | कामको विवरण | परिमाण (घनमिटर) | हुनुपर्ने म्यानडेज | भएको म्यानडेज | फरक म्यानडेज | दर | बढी खर्च |
|---|---|---|---|---|---|---|---|
| टावर नेपाने नेटाखर्क मोटरबाटो मर्मत | नरम माटो | ६७५ | ०.५ | ०.७ | ०.२ | ५१७ | ६९७९५ |
| टावर नेपाने नेटाखर्क मोटरबाटो मर्मत | कडा माटो | १४०.६ | ०.६ | ०.८ | ०.२ | ५१७ | १४५३८ |
| लाम्ते दिपार साउने अछम मोटर वाटो मर्मत | कडा माटो | ९३ | ०.६ | ०.८ | ०.२ | ५१७ | ९६१६ |
| खौलार अदुवाबारी दिपार जलजला मोटरबाटो मर्मत | कडा माटो | ३२८.२० | ०.६ | ०.८ | ०.२ | ५१७ | ३३९३६ |
| भिमघाट दोबटा देविस्थान गोरेटो बाटो मर्मत | नरम माटो | ७५६.०८ | ०.५ | ०.७ | ०.२ | ५१७ | ७८१७९ |
| भिमघाट दोबटा देविस्थान गोरेटो बाटो मर्मत | कडा माटो | ६९१.६० | ०.६ | ०.८ | ०.२ | ५१७ | ७१५११ |
| दतिमा रिङरोड मोटरबाटो मर्मत | कडा माटो | ४१३.८५ | ०.६ | ०.८ | ०.२ | ५१७ | ४२७९२ |
| धाईरीघाट नयागाउँ गोरेटोबाटो मर्मत | नरम माटो | ३७०.८० | ०.५ | ०.७ | ०.२ | ५१७ | ३८३४१ |
| धाईरीघाट नयागाउँ गोरेटोबाटो मर्मत | कडा माटो | ३५१ | ०.६ | ०.८ | ०.२ | ५१७ | ३६२९३ |
| दगाकोट धानपोखरा पैदलमार्ग मर्मत | नरम माटो | ५००.२४ | ०.५ | ०.७ | ०.२ | ५१७ | ५१७२५ |
| दगाकोट धानपोखरी पैदलमार्ग मर्मत | कडा माटो | ४९९.२० | ०.६ | ०.८ | ०.२ | ५१७ | ५१६१७ |
| आरुपाता गंगरे सडकको ढारा खण्डमा सोलिङ गर्ने कार्य | नरम माटो | २२६.५३ | ०.५ | ०.७ | ०.२ | ५१७ | २३४२३ |
| आरुपाता गंगरे सडकको ढारा खण्डमा सोलिङ गर्ने कार्य | कडा माटो | १५६ | ०.६ | ०.८ | ०.२ | ५१७ | १६१३० |

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा ५३७८९६ | |
| ३८ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा नगरसरसफाई,नाली खन्ने, पहिरो सफा गर्ने, ग्याविन जाली भर्ने तथा बाटो निर्माण काम लगायतका १० निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष १६१ जनालाई रोजगारी उपलव्ध गराई रु.७६ लाख २४ हजार खर्च गरेको छ। लक्षित वर्गलाई ९२ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। | |
| ३९ | | | **फोहोरमैला व्यवस्थापन शुल्क**<br>पालिका क्षेत्रभित्रबाट संकलित फोहोरमैला व्यवस्थापन वापत सेवाग्राहीबाट पालिकालाई निश्चित दरमा शुल्क निर्धारण गरि पालिकाले राजश्व संकलन गर्नुपर्नेमा पालिकाले यस आ.व मा उक्त शिर्षकबाट शून्य आम्दानी गरेको देखियो।पालिका क्षेत्रभित्र संचलित व्यवसाय र घरहरुबाट संकलित फोहोरको व्यवस्थापन गरि राजश्व संकलन गर्न सकिनेमा सोतर्फ पालिकाले कुनै पहल गरेको पाइएन।पालिकाले सेवाग्राहीहरुलाई कर तथा शुल्कको दायरामा ल्याएको देखिएन।पालिकाले सवै सेवाग्राहीहरुलाई कर तथा शुल्कको दायरामा ल्याउने कार्यमा ध्यान दिनुपर्दछ। | |
| ४० | | | **बढी राजश्व छुट**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, बालुवाको विक्री वापत प्राप्त रकम पालिकाको संचित कोषमा जम्मा गर्ने तथा गडण्की प्रदेश सरकार ढुंगा, गिट्टी, बालुवा उत्खनन संकलन क्रसिङ र विक्रीवितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ मा सम्वन्धित स्थानीय तहले दोस्रो पक्षसंग ढुंगा, गिट्टी, बालुवा उत्खनन ठेक्का संझौता गर्दा प्रदेश सरकारले तोकेको दरमा संझौता गरी सोही बमोजिम राजश्व संकलन गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले निम्न ब्यक्ति तथा निर्माण व्यवसायीसंग आ.व ०७७।७८ को अन्त्यसम्ममा सवै किस्ताको रकम बुझाउने गरी आफ्नो क्षेत्रभित्रको ढुंगा, गिट्टी तथा बालुवा उत्खननको ठेक्का संझौता गरी राजश्व रकम संकलन गरेकोमा देहायका ब्यक्ति तथा निर्माण व्यवसायीहरुलाई संझौता रकम एकमुष्ठ वुझाए वापत संझौता रकममा १० प्रतिशतले हुने रकम छुट दिएको पाइयो।पालकाले प्रदेश सरकारबाट तोकेको दरका आधारमा न्यूनतम रकम निर्धारण गर्ने हुदाँ न्यूनतमभन्दा माथिको रकममा मात्र छुट दिनुपर्नेमा सवै कवोल अंकमा छुट दिएकोले देहायका व्यक्ति तथा निर्माण व्यवसायीहरुलाई बढी छुट दिएको रु १८५०००।०० को १३% ले हुने रु.२४०५०।०० समेत रु.२०९०५०।०० सम्वन्धितबाट असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.. | २०९,०५० |

| घाटको नाम | वडा नं | निर्माण व्यवसायी एंव व्यक्तिको नाम | न्यूनतम मूल्यांकन रकम | संझौता रकम मू अ कर बाहेक | हुनुपर्ने छुट | भएको छुट | बढी छुट |
|---|---|---|---|---|---|---|---|
| खर्वाङ मराङघाट समेत | २ | दोदुराम श्रीस | ५०००००० | ७०७००० | २०७०० | ७०७०० | ५०००० |
| भैसेरह जोगीबगरघाट | ५ | देव प्रकाश श्रेष्ठ | ३०००००० | ३००५०० | ५० | ३००५० | ३०००० |
| सिस्नेरी तथा एक्ले वगरघाट | ६ | सुनिल अधिकारी | १५००००० | १५०००० | ० | १५००० | १५००० |
| तुरतुरे खोलाघाट | ७ र ९ | दिब्य कन्स्ट्रक्सन एण्ड निर्माण सेवा | ९०००००० | ९००१५० | १५ | ९००१५ | ९०००० |
| जम्मा मू अ कर बाहेक | | | | | | | १८५००० |

४१ **आन्तरिक आय**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको छ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने, रसिद नियन्त्रण खाता राख्नुपर्ने, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर अनुसार उठाएको आय र बैंक दाखिलाको रकम नभिडेको हुँदा यो वर्ष घरबाटो सिफारिसदस्तुर, सम्पत्तिकर, मालपोत रजिष्टेशन शुल्क तथा अन्य आयवापतको रकम सुत्रको अनुसुची ११ मा रहेको भएता पनि राजश्व सफ्टवेयरको प्रयोग नभएकोले वडागत राजश्व एकमुष्ट भएकोले उल्लिखितशिर्षकगत राजश्वको सम्वन्धमा एकिन गर्न सकिएन।यो वर्ष राजश्व वाडफाँड समेत आन्तरिकराजश्व रु.९ करोड ७७ लाख १३ हजार आम्दानी रहेको छ भने पालिका आफैले संकलन गरेको वास्तविक आन्तरिक आम्दानी रु.१ करोड २० लाख ९५ हजार रहेको छ।पालिकाले आवश्यक म.ले.प.फा.नं. हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

४२ **व्यवसाय कर**

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाले हरेक आर्थिक वर्षमा पालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिम पालिकाभित्र सञ्चालनमा रहेक विभिन्न व्यवसायकोदर्ता, नविकरण तथा खारेजीका सम्वन्धमा करका दरहरु निर्धारण गर्दै आएकोमा पालिकामा आ.व २०७७।७८ मा दर्ता भएका सोमध्ये आ.व. २०७७।७८ मा खारेजी भई बाँकी रहेका बाँकी नविकरण भई सञ्चालनमा रहेका व्यवसायको विवरण माग गरिएकोमा सोको विवरण प्राप्त नएकोले सो सम्वन्धमा एकिन हुन सकिएन। पालिकाबाट प्राप्त विवरणका आधारमा यस आ व मा व्यवसायको करबाट जम्मा रु.२३४९००।०० राजश्व संकलन भएको देखिन्छ।पालिकाले व्यवसाय कर तिर्नुपर्ने करदाता कर तिर्न आएपछि मात्र कर लिने र वाँकी वक्यौता कर संकलन गर्न ठोस पहल गरेको देखिदैन एंव क्षेत्रभित्र संचालित सवै व्यवसायीहरुलाई करको दायरामा समेत ल्याएको पाइएन।जसका कारण पालिकामा सम्वन्धित आर्थिक वर्षमा संकलन हुनुपर्ने राजस्व संकलन हुन सकेको छैन।पालिकाले सम्पूर्ण व्यवसायीहरुलाई समयमा दर्ता तथा नविकरण गर्नको लागि आवश्यक पहल गरी समयमा नै राजश्व संकलन गरी व्यवसायीहरुलाई करको दायरामा ल्याउन आवश्यक पहल गर्नुपर्दछ । | |
| ४३ | | | **राजस्व रकम समयमा दाखिला नभएको**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था भएकोमा पालिका अन्तर्गतका निम्न वडाहरुले विभिन्न शिर्षकमा संकलन गरेको राजश्व रकम समयमा दाखिला गरेको पाइएन। संकलित राजश्व समयमा दाखिला नभएकोले समयमा दाखिला नगर्ने सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाई समयमा दाखिला नभएको रमकको प्रचलित कानून बमोजिम उल्लिखित दरको व्याज समेत एकिन गरि समयमा नै दाखिला गर्ने गराउने तर्फ पालिकाले विशेष ध्यान दिनु पर्ने देखियो।वडाबाट संकलित राजश्वको दाखिला तथा अन्य स्थिति यस प्रकार रहेको छ। | ८४१,४०० |

| वडा नं | संकलित राजस्व | दाखिला भएको रकम | दाखिला मिति | फरक रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ६३४१८० | ६३४१८० | २०७७।१२।५ | ० | पहिलो चैत्रमा सो पश्चात आषाढ मसान्तमा दाखिला भएको देखिन्छ । |
| २ | ४७७२५८ | ४७७२५८ | २०७७।१२।१२ | ० | पहिलो चैत्रमा सो पश्चात आषाढ मसान्तमा दाखिला भएको देखिन्छ । |
| ३ | १९४०४१ | १९४०४१ | २०७८।३।२८ | ० | आषाढ मसान्तमा मात्र दाखिला भएको देखिन्छ । |
| ४ | ३६६४२० | ३६६४२० | २०७७।८।२२ | ० | पहिलो मंसिरमा सो पश्चात आषाढ मसान्तमा दाखिला भएको देखिन्छ । |
| ५ | ७४१६२० | ७४१६२० | २०७७।१२।५ | ० | पहिलो चैत्रमा सो पश्चात आषाढ मसान्तमा दाखिला भएको देखिन्छ । |
| ६ | २०३१३५ | २०३१३५ | २०७७।९।२६ | ० | पहिलो पौषमा सो पश्चात आषाढ मसान्तमा दाखिला भएको देखिन्छ । |
| ७ | ४०५०३० | ४०५०३० | २०७८।३।२३ | ० | आषाढ मसान्तमा मात्र दाखिला भएको देखिन्छ । |
| ८ | ४८७८४० | ४८७८४० | २०७७।६।२६ | ० | पहिलो आश्विनमा सो पश्चात आषाढ मसान्तमा दाखिला भएको देखिन्छ । |
| ९ | ४२०८२५ | ० | | ४२०८२५ | पालिकाले दिएको विवरणमा दाखिला मिति उल्लेख नभएको। |
| १० | ४२०५७५ | ० | | ४२०५७५ | पालिकाले दिएको विवरणमा दाखिला मिति उल्लेख नभएको। |
| जम्मा | ४३५०९२४ | ३५०९५२४ | | ८४१४०० | |

पालिकाले विभिन्न शिर्षकबाट पाप्त राजश्वको वडागत विवरणमा वडा नं ९ र १० बाट संकलित राजश्व जम्मा रु ८४१४००।०० कुन मितिमा कति दाखिला भएको नखुलाएको सुत्रको अनूसुची ११ मा वडागत राजश्व नदेखिने भएकोले दाखिला भए नभएको सम्वन्धमा एकिन हुन सकिएन।यस सम्वन्धमा पालिकाले यथार्थता एकिन गरी दाखिला नभएको पाइएमा सम्वन्धितलाई यथाशिघ्र दाखिला गर्न लगाउनु पर्ने देखिएको रु...

<table>
<tr><td>४४</td><td></td><td>२०७८-३-२८</td><td>प्रोभिजनल समको विल पेश नभएको<br>सार्वजनिक खरिद नियमावली, २०६४को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी दिनुपर्ने उल्लेख छ।ग्वालीचौर सडक निर्माण कार्यको लागि निर्माण व्यवसायी श्रेष्ठ कन्ट्रक्सन सेवासँगको खरिद सम्झौतामा प्रोभिजनल सममा उल्लेखित रकम भुक्तानी दिँदा खर्च भएको वास्तविक बिल पेश गरेको आधारमा भुक्तानी दिने उल्लेख छ।निर्माण व्यवसायीलाई Provisional sum for the relocation of services labor material and equipment वापत रु ५००००।०० भुक्तानी दिएकोमा सो को बिल भरपाई पेश गरेको देखिएन। उक्त कार्यको वास्तविक खर्च भएको बिल पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु...</td><td>५०,०००</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>विमा नगरेको<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को उपनियम १ अनुसार खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १० लाख रुपैया भन्दा बढि मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोके अनुरुप बिमा गराउनु पर्ने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गरेकानिम्न कार्यको BOQ मा बिमाको राखेको पाइएन । गाउँपालिकाले नियमावलीको पालना गर्नु पर्दछ ।<br>
<table>
<tr><th>सि नं</th><th>गो भ◌ौ नं र मिति</th><th>कामको विवरण</th><th>सम्झौता रकम</th></tr>
<tr><td>१</td><td>५१५-२०७८।३।२८</td><td>ग्वालिचौर जलजला सडक</td><td>५१८२८५७.८</td></tr>
</table></td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>सोझै खरिद<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष निम्न सडक निर्माण एवं मर्मतको कार्य ५ लाख भन्दा कमको सोझै खरिद गरेकोमा लागत अनुमानकै रेटमा ( जिल्ला दररेट) खरिद गरेको कारण सोझै खरिद गर्दा प्रतिस्पर्धा नहुने देखिन्छ । पालिकाले खरिद कार्य गर्दा प्रतिस्प्रर्धा हुने गरी नियमानुसार सिलबन्दी दरभाउपत्र वा वोलपत्रमार्फत खरिद गर्नुपर्नेमा सोझै गरेकोले उक्त रकम अनियमित देखिएको रु</td><td>४,४९१,४९७</td></tr>
</table>

| भौ. नं. र मिति | कामको विवरण | निर्माण व्यववसायीको नाम | रकम |
|---|---|---|---|
| ३१३-२०७८।३।२९ | वडा नं ३ मोटरबाटो मर्मत | एच टि निर्माण सेवा | १००११२ |
| ३००-२०७८।३।२८ | नौटुवा टाकर छेडा सतधारा सडक मर्मत | एच टि निर्माण सेवा | ४११३५३ |
| २९८-२०७८।३।२८ | टाकरछेडादेखि लब्धिखोला मोटरबाटो | अल्ट्राविट प्रा ली | ४२५२६२ |
| २९८-२०७८।३।२८ | वडा नं ३ मोटरबाटो मर्मत | खर्वाङ् कन्स्ट्रक्शन प्रा ली | ४२५२६७ |
| २५०-२०७८।३।२५ | अदमछेडा समुन्द्रे मोटरबाटो | अल्ट्राविट प्रा ली | ४७९४८१ |
| २२४-२०७८।३।२५ | वडा नं ४ मोटरबाटो मर्मत | अल्ट्राविट प्रा ली | ४८२४८२ |
| २४३-२०७८।३।२५ | दिपार छहरा जलजला मोटरबाटो | वडीगाड कन्स्ट्रक्शन | ४८९७८७ |
| ३२५-२०७८।३।२९ | वडा नं ३ र ४ मोटरबाटो मर्मत | खर्वाङ् कन्स्ट्रक्शन प्रा ली | ४४२११० |
| ३४८-२०७८।३।३० | वडा नं १ मोटरबाटो मर्मत | खर्वाङ् कन्स्ट्रक्शन प्रा ली | ४८९५०४ |
| ३४६-२०७८।३।३० | वडा नं १ मोटरबाटो मर्मत | वडीगाड कन्स्ट्रक्शन | ४९५२७९ |
| १०७-२०७८।१।८ | ग्रमिण बाटो मर्मत वडा नं २ | वडीगाड कन्स्ट्रक्शन | २५०८६० |
| | | | **४४९१४९७** |

| | | | | |
|---|---|---|---|---|
| ४७ | | | **बढी दररेट**<br>पालिकाले विपन्न परिवार खरको छाना विस्थापित उपभोक्ता समितिलाई विभिन्न साइजको जस्तापाता खरिदको भुक्तानीमा सि जि आई सिट २६ गेजको ०.३८ एम एम मोटाईको कलर मध्यम साइजको १० फिटको प्रति पाताको मू अ कर समेत रु १४९०.९५ जिल्ला दररेट भएकोमा उपभोक्ता समितिलाई प्रति पाताको | १०,१८० |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | मू अ कर समेत रु १५३३.५७ का दरले भुक्तानी भएकोले प्रति पाता बढी दर रु ४२.५९ ले २३९ पाताको बढी भुक्तानी भएको रु १०१८०।०० सम्वन्धितबाट असूल गर्नुपर्ने रु | |
| ४८ | ४१ | २०७७-१२-२१ | **बढी परिमाणको भुक्तानी**<br>सडक विभागबाट जारी भएको सडक तथा पुलको स्वीकृत नर्म्स बमोजिम भवनको विस्तृत परियोजना निर्माणमा ड्रिलिङको कार्य गर्दा ३६ मिटर गहिराई राखिएको एंव उक्त ड्रिलिङ कार्यको प्रति रनिङ मिटरको दर रु.२११४३.९७ उल्लेख छ।पालिकाले १५ शैयाको आधारभूत अस्पताल भवनको विस्तृत परियोजना निर्माण कार्यको लागि इगल्स सोलुसन प्रा.लि.लाई मू.अ.कर वाहेक रु.१७३५०००।०० भुक्तानी दिएको पाइयो।पालिकाले वनाएको डि.पि.आरको लागत अनुमानमा ३ वटा ड्रिलिङमा पहिलो ,दोस्रो र तेस्रोको ड्रिलिङ कार्य १२ मिटर राखिएकोमा परामर्शदाताको माटो परीक्षणको विस्तृत प्रतिवेदनमा प्रति ड्रिलिङ १०.५ मिटर गरी जम्मा ३१.५ मिटर मात्रै कार्य सम्पन भएकोमा पालिकाबाट नर्म्समा उल्लेख भएको ३६ मिटरकै भुक्तानी भएकोले वास्तविक कार्य परिमाण भन्दा ४.५ मिटर ड्रिलिङको मू.अ.कर बाहेक रु.११९३३।०० को मू.अ.कर समेत प्रति रनिङ मिटरको बढी दर रु.१३४८४।०० का दर बढी भुक्तानी भएको रु.६०६७८।०० सम्वन्धितबाट असूल गरि दाखिला गर्नुपर्ने रु... | ६०,६७८ |
| ४९ | ४० | २०७७-८-१६ | **बढी भुक्तानी**<br>पालिका र खौलार झुलेडाँडा नैतुल सिमाक मोटर बाटो मर्मत उपभोक्ता समितिबीच खौलार झुलेडाँडा नैतुल सिमाक मोटर बाटो मर्मत योजनाको निर्माण कार्यको लागि संझौता भई कार्य सम्पन्न भएको छ।योजनाको दुई आइटम नं मा कार्य पालिकाको एक्साभेटर प्रयोग गरी कार्य भएकोमा लागत अनुमान तथा कार्य सम्पन्नमा जिल्ला दररेटको रकम राखी उपभोक्ता समितिलाई पालिकाको एक्साभेटरबाट भएको कार्यको समेत भुक्तानी दिएको पाइयो।फाइल परीक्षण गर्दा पालिकाका एक्साभेटर चालक सूर्य विश्वकर्मा र हेल्पर चिरण काउचालाई एक्साभेटर चलाए वापत कूल २२९ घण्टा कार्य गरेको भुक्तानी भएको एंव प्राविधिक मूल्यांकनमा मेशिनबाट भएको कार्यको अन्य कुनै वील भरपाई समेत नभएकोले पालिकाको मेशिन प्रयोग भएको देखियो।योजनाको निम्न आइटम नं मा पालिकाबाट बढी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितिबाट असूल गरी दाखिला गर्नुपर्ने देखिएको रु... | ५७०,१०२ |

| | | | | |
|---|---|---|---|---|
| | | | | आइटम नं | कामको विवरण | परिमाण | एकाई | दर | भुक्तानी रकम | |

| आइटम नं | कामको विवरण | परिमाण | एकाई | दर | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| 3.a | E/W in excavation in surface cutting and filling with compaction in hard soil at different places by excavator | ९००० | घनमिटर | ८० | ७२०००० |
| 3.b | Landslide clearance from road surface | ३४२० | घनमिटर | ५० | १७१००० |
| | जम्मा | | | | ८९१०००० |
| | उक्त मेशिनमा प्रयोग भएको इन्धन २००० लिटर डिजेलको रु.२७५०९८।०० एंव चालक र हेल्परको २२९ घण्टाको खर्च रु.४५८००।०० समेत गरी रु.३२०८९८।०० घटाउने। | | | | ३२०८९८ |
| | खुद बढी भुक्तानी भएको रकम | | | | ५७०१०२ |

५० **घटी आम्दानी गरेको** १०७,९००

गाउँकार्य पालिकाको निर्णयानुसार गाउँपालिकाको एक्साभेटर प्रयोग गर्दा ब्रेकरको प्रति घण्टा ३००० र बकेट प्रयोग गरे वापत प्रति घण्टा २२०० निर्णय भएकोमा निम्न योजनामा उपभोक्ता समितिले पालिकाको एक्साभेटर प्रयोग भएको लगसिट अनुसार प्रयाग भएको घण्टा भन्दा कम घण्टको आम्दानी गरेको देखिएकोले उक्त रकम रु. १०७९००।-सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु

| गोश्वरा भौचर र मिति | योजनाको नाम | प्रयोग भएको घण्टा | प्राप्त गर्नुपर्ने आम्दानी | प्राप्त आम्दानी | नपुग रकम |
|---|---|---|---|---|---|
| ६५४-२०७७।११।२३ | गैरागाउँ छापा मोटरबाटो | बकेट १८ घण्टा<br>ब्रेकर ९०.५ घण्टा | ३१११०० | २३३२०० | ७७९०० |
| ४४-२०७७।११।१० | वडा नं ५ मोटरबाटो मर्मत | जे सि वि ९९ घण्टा | ९९००० | ६९००० | ३०००० |
| | | | | | १०७९०० |

५१ **काठदाउरा व्यवस्थापन**


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाले पालिका अन्तर्गत वडा नं ५ को ताल व्यवस्थित गर्नको लागि काठ व्यवस्थापन उपभोक्ता समिति गठन गरी रु ९,६०,०००।- उपभोक्ता समितिलार्इ भुक्तानी गरेको देखिन्छ । उक्त उपभोक्ता समितिले ताल वरपर रहेको काठदाउरा १५२ चट्टा काटेको कार्यसम्पन्न प्रतिवेदन पेश भएकोमा उक्त काठहरु हालसम्म यतिकै रहेको पाइयो ।यसरी लामो समयसम्म काठ राख्दा कुहिने विग्रिने र हराउने समेत सम्भावना हुने भएकोले उक्त काठदाउरा लिलाम विक्री गरी पालिकाले आम्दानी गर्नुपर्ने देखिन्छ । | |
| ५२ | | | **निर्माणस्थलको विवाद**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(३) मा सार्वजानिक निकायले निर्माण स्थलको व्यवस्था नभर्इ, निर्माणस्थलबाट हटाउनुपर्ने रुखविरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभर्इ, मुआव्जा वा क्षतिपुर्ति वितरण गर्नुपर्नेमा सो को बजेट व्यवस्था नगरी खरिद कार्य गर्न नहुने व्यवस्था छ । पालिकाको गौरबको योजनाको रुपमा कार्यान्वयनमा ल्याएको भिमगिठे दलिङ् गङ्गरे मोटरबाटो निर्माण कार्यको लागि लागत अनुमान ५३९९३४२।- को लागत अनुमान स्विकृत भर्इ उपभोक्ता समितिलार्इ रु.१५९३३०८।- पेश्की दिएकोमा वाटोमा पर्ने जग्गा विवादका कारण काम हुन नसकेको भनी रु.१९१७४८।- को कार्यसम्पन्न प्रतिवदेन पेश गरी रु १४२४५५१।- उपभोक्ता समितिले मिति २०७८।३।३० मा पालिकाको खातामा दाखिला गरेको पाइयो । पालिकाले निर्माणस्थलको सुनिश्चित नगरी निर्माण कार्य शुरु गर्दा निर्माण कार्य हुन नसकि पालिकाको गौरबको आयोजना नै अलपत्र परेको देखिन्छ । पालिकाले योजना शुरु गर्नुभन्दा अगाबै निर्माणस्थलको सुनिश्चित गरेरमात्र निर्माण कार्य अगाडी बढाउनुपर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ५३ | २०५ | २०७८-३-३१ | **गाउँपालिकको एक्साभेटरको आम्दानी नदेखिएको**<br>गाउँकार्य पालिकाको निर्णय अनुसार गाउँपालिकाको एक्साभेटर प्रयोग गर्दा ब्रेकरको प्रति घण्टा ३००० र बकेट प्रयोग गरे वापत प्रति घण्टा २२०० निर्णय भएको छ । वडा नं ७ को मोटरबाटो मर्मत कार्य गरेवापत उपभोक्ता समितिलार्इ रु ४८००००।- भुक्तानी भएकोमा उपभोक्ता समितिले तलेको विल मात्र पेश गरेको देखिएकोले उक्त योजनामा गाउँपालिकाको एक्साभेटर प्रयोग भएको देखिन्छ तर पालिकाले उक्त समितिबाट एक्साभेटरको भाडा लिएको नदेखिएकोले कति घण्टा प्रयोग भएको हो पालिकाले यकिन गरि आम्दानी गर्नुपर्ने देखिन्छ । | |
| ५४ | | | **कार्यविधि विपरित अनुदान**<br>कृषि पशुपंछी तथा मौरी मोडेल फर्म कार्यक्रम संचालन कार्यविधि, २०७६ मा आवेदक वा निजका परिवारको स्वामित्वमा जग्गा भए जग्गा धनि प्रमाणपत्रको प्रतिलिपी वा लिजमा भए कम्तिमा १० वर्ष लिजमा लिएको खुल्ने कागजपत्र पेश गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले पाइजा पोल्टी फर्म संचालनको लागि रु १७४८८५।- अनुदान दिएकोमा निजले पेश गरेको लिज सम्झौता ५ वर्षको मात्र देखिन्छ । यसरि कार्यविधि विपरित ५ वर्षको लिज सम्झौता पेश गरेको आधारमा उक्त अनुदान प्रदान गरेको देखीएकोले लिज सम्झौता अवधि थप गरेको प्रमाण पेश हुनुपर्ने रु | १७४,८८५ |
| ५५ | | | **पाम्सको पूर्ण रुपमा प्रयोग नभएको** | |

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पत्ति तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्नसकिएन।पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पुर्ण रुपमा लागु गरी सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थित गर्नुपर्दछ। | |
| ५६ | | | **उपभोक्ता समिति छनौट**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोडसम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसकालागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्नसक्ने व्यवस्था रहेको छ।तर पालिकाले यस बर्ष उपभोक्ता समितिबाट कार्य गराउंदा सम्झौता बाहेक सम्झौतापुर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन नआएकोले विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिसपर्धात्मक तवरले भएको देखिएन।यसबाट निर्माण कार्यको समय लागत र गुणस्तरमा असर पर्नेहुंदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालनागरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ | |
| ५७ | | | **हेभी उपकरणको प्रयोग**<br>.सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ।पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन।यसरी उपभोक्ता समितिमार्फत उपकरण प्रयोग गरी काम गराउँदा प्रतिस्पर्धा नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर नहुने, पूर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउँदा रोजगारी सिर्जना नहुने अवस्था देखिने हुँदा यसरी गरेको कार्य ऐन नियमको प्रतिकूल समेत देखिन्छ। यसतर्फ नगरपालिकाले अगामि दिनमा सुधार गर्नुपर्दछ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| गो भौ नं./ मिति | आयोजनाको नाम | भुक्तानी रकम | हेभी उपकरणमा भएको खर्च | प्रयोग गरेको हेभी उपकरण |
|---|---|---|---|---|
| २३२-२०७८।३।४ | सल्लेपोखरा तुम्डाँडा खाम्तले मोटरबाटो | १९२०००० | २२६५००२ | डोजर। एक्साभेटर |
| १७४-२०७८।३।१६ | गोठान मोटरबाटो निर्माण | १४४०००० | ७००९६७ | डोजर। एक्साभेटर |
| १९९-२०७८।३।२० | दलिङ् निगालापानी मोटरबाटो | १३४४००० | १५६७०५४ | डोजर। एक्साभेटर |
| १९६-२०७८।३।२० | सल्लेपोखरा गराङ्धारा मोटरबाटो | ६७२००० | ७७४०२७.६३ | डोजर। एक्साभेटर |
| २४८-२०७८।३।२५ | खाम्तले ओवाङ् मोटरबाटो | ११८८०२० | १४०००८६ | डोजर। एक्साभेटर |
| २५८-२०७८।३।२० | वारीगाउँ जलजला खरखोला मोटरबाटो | १४४०००० | १६७६४७५ | डोजर। एक्साभेटर |

**1.**

५८

**अनुपातिक कट्टी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहाय अनुसारको रकम रु २००८७३।- सम्बन्धित उपभोक्ता समितिसंग असूल हुनुपर्ने रु

२००,८७३

| गो भौनं./मिति | उपभोक्ता समिति र काम | सम्झौता रकम | कार्य सम्पन्न रकम | उपभोक्ताले व्यहोर्ने % | भुक्तानी रकम | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|---|
| २००-२०७८।३। २० | दलिङ् रनाम मोटरबाटो | ५४८४४२.६८ | ४८३४३९.२८ | १२.४८ | ४८०००० | ५६८४१ |
| २४८-२०७८।३। २५ | खामतले ओवाङ् मोटरबाटो | १८४००२३.८० | १३३४००१.७३ | २१.७४ | ११८८०२० | १४४०३२ |
| **जम्मा** | | | | | | **२००८७३** |

| | | | | |
|---|---|---|---|---|
| ५९ | २८६ | २०७८-३-२८ | **सीमाभन्दा बढीको कार्य उपभोक्ता समितिबाट गराएको**<br>सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७ अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने, एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने उल्लेख छ।पालिकाले जोगिवगर जलजला रणसि|हकिटेनी सडक निर्माणको लागि सडक निर्माण उपभोक्ता समितिसंग पालिकाले मूल्य ओभरहेड र कन्टिन्जेन्सी बाहेक रु ८९३६११७.४२ संझौता गरी संझौता बमोजिम भुक्तानी दिएको पाइयो।यसरी नियमावली विपरीत १ करोड भन्दा बढी लागत अनुमान हुने कार्य उपभोक्ता समितिबाट गराउने कार्य उचित देखिएन । यसमा सुधार गर्नुपर्छ । | |
| ६० | | | **सम्झौता अनुसार कार्य नभएको**<br>उपभोक्ता समितिसँग निर्माण कार्यको सम्झौता गर्दा एक आर्थिक वर्ष भित्रसमपन्न हुने गरी गर्नुपर्दछ।पालिका र उपभोक्ता समिति बीच वडा न १० को वडा कार्यालय निर्माण गर्ने गरी रु २२०३६३७.४४ को सम्झौता भएकोमा भवनको पिलर उठाउने काम मात्र गरी रु १०८०६६४।- भुक्तानी गरी बाँकी कार्य भएको पाइएन ।यसरी काम पुरा नगरी पिलर उठाएरमात्र छोड्दा बनाएको संरचनाको गुणस्तर कम हुने र काम अधुरो रहने देखिन्छ । पालिकाले आर सि सि भवन बनाउने जस्तो जटिल प्रकर्तिकको काम उपभोक्तालाई दिँदा समयमा काम नहुने काममा गुणस्तर समेत कम हुन सक्ने भएकोले उपभोक्तालाई काम लगाउँदा यस्ता विषयमा ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६१ | १७४ | २०७८-३-१६ | **मू अ कर भुक्तानी** | ११५,१५९ |

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको भुक्तानी दिँदा उपनियम ३ को खण्ड ख बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर कट्टा गरेरमात्र भुक्तानी दिने व्यवस्था छ साथै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ।पालिकाले एक्साभेटरले बाटो खन्ने कार्यको लागी उपभोक्ता समितलाई पालिकाबाट स्विकृत दररेटमा मु अ कर समावेश गरी लागत अनुमान तयार गरि सोही अनुरुप भुक्तानी गरेकोमा उपभोक्ताले पेश गरेको निम्न विजक नं हातले लेखेको देखिएकोले उक्त विजकमा भुक्तानी गरेको मु अ कर रु.११५१५९।- सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा तिरेको कर समायोजन पत्र पेश हुनु पर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु (तालिका तल) | |
| ६२ | २८६ | २०७८-३-२८ | **पालिकाको एक्साभेटरको कामको मुल्याङ्कन नदेखिएको**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ ।जोगविर जलजला रणसिंह किटेनी मोटरबाटो निर्माण कार्य गर्दा गाउँपालिकाको एक्साभेटर प्रयोग गरे वापत उपभोक्ता समितिसंग रु १६१७००।- शुल्क लिएको छ । तर उक्त कार्यको कार्यसम्पन्न प्रतिवेदन अनुसार एक्साभेटरबाट गरेको कामको मू अ कर समेत रु ३९०७६३७.९७ को रहेको र उपभोक्ता समितिले बडिगार्ड कन्स्ट्रक्शनको रु ३९०९८००।- मू अ कर विजक पेश गरेको देखिएकोले कार्यालयको एक्साभटरले गरेको कामको मुल्याङ्कन देखिदैन ।यसरी कार्यालयको एक्साभेटरले खनेको कार्यको समेत मू अ कर थप गरेर उपभोक्ता समितिलाई भुक्तानी गर्दा बढी मु अ कर भुक्तानी हुने भएकोले पालिकाले पालिकाको एक्साभेटरको कामको मुल्याङ्कन यकिन गरी सो मा भुक्तानी भएको मू अ कर रकम असुल गर्नुपर्दछ । | |
| ६३ | | | **कार्यालयको काम उपभोक्ता समितिमार्फत गराएको**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ।पालिकाले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहाय अनुसार रु.६९४१५८२ ।- खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फतआफ्नै भवन निर्माणकार्य गराउनु अनियमित देखिएको रु | ६,९४१,५८२ |

| योजनाको नाम | निर्माण व्यवसायी | विजक न र मिति | मु अ कर रकम | कैफियत |
|---|---|---|---|---|
| गोठान मोटरबाटो निर्माण | काउछा निर्माण सेवा | ०३-२०७८।३।१६ | ११५१५९ | विजक नं हातले लेखेको |

| भौ नं. | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| ११८-२०७८।१।१४ | वडा नं ९ वडा कार्यालय भवन निर्माण | २०००००० |
| ३५८।२०७८।३।२० | वडा नं ७ को वडा कार्यालय भवन निर्माण | २०००००० |
| ३२४-२०७८।३।२९ | वडा नं १० को कार्यालय भवन निर्माण | ९४१५८२ |
| ३५०-२०७८।३।३० | वडा नं २ को वडा कार्यालय भवन निर्माण | २०००००० |
| | | ६९४१५८२ |

| | | | | |
|---|---|---|---|---|
| ६४ | | | **उपभोक्ता समितिको विल**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको खर्चका विल भर्पाइ सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छन् । | |
| ६४.१ | | | **कम विलः** निम्न योजनामा कार्यसम्पन्न अनुसार प्रयोग भएको भन्दा उपभोक्ताले कम सिमेन्ट लागायतका सामग्री खरिद गरेको देखिन्छ । यसरी उपभोक्ताले किनेको भन्दा बढी परिमाणको सामग्री प्रयोग भएको देखा◌इ भुक्तानी गर्दा उपभोक्ताला◌इ सिमेन्ट लागयतका आइटममा मु.अ. कर जोडेर भुक्तानी हुँदा रु. ३३५६८।- बढी मु अ कर भुक्तानी भएको देखिन्छ साथै कम परिमाणमा सिमेन्ट लगायतका सामग्री खरिद गर्दा कामको गुणस्तर तोकिएबमोजिम भए नभएको यकिन हुन नसक्ने देखिन्छ। पालिकाले यसमा यथार्थ छानविन गरी बढी भुक्तानी भएको रकम उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु | ३३,५६८ |

| गो भौ नं | योजनाको नाम | सामग्रीको विवरण | प्रयोग भएको परिमाण | मु अ कर भुक्तानी दर | विल पेश भएको परिमाण | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ३५९ | खेलकुद आवास तथा कवर्ड हल निर्माण | इटा | १८२७८ | २.२७५ | १०००० | १८८३२ |
| | | टि एम टि बार | २६०३ | ११.३१ | १३०० | १४७३६ |
| कुल जम्मा | | | | | | **३३५६८** |

| | | | | |
|---|---|---|---|---|
| ६४.२ | | | **बढी बिलः** निम्न योजनामा प्रयोग भएको सामग्री भन्दा बढी खरिद गरेको, काम नभएको विल राखेर भुक्तानी भएको देखिन्छ । यसरी आवश्यक भन्दा बढी सामग्री खरिद गरेकोले उपभोक्ताले पेश गरेको विल यथार्थपरक नभएको र सामग्रीमा न्युन विजकिकरण समेत भएको ( उदाहरणको लागि इटा प्रति इकाइ १७.५० का दरले कार्यालयले दर विश्लेषण गरेकोमा उपभोक्ताले प्रति इकाइ ९ रुपैँयाको विल पेश गरेको) देखिएकाले पालिकाले भुक्तानीमा यस सम्बन्धमा ध्यान पुर्याउनुपर्ने देखिन्छ । | |

| गो भौ नं | योजनाको नाम | कामको विवरण | सामग्रीको विवरण | प्रयोग भएको परिमाण | विल पेश भएको परिमाण |
|---|---|---|---|---|---|
| ११८ | वडा कार्यालय भवन निर्माण | RCC work | टि एम टि बार | २७४०.९० | ४३९९ |
| | | इटाको गाहो लगाउने कार्य | इटा | १०७८० | १७००० |
| ३५० | वडा नं २ कार्यालय भवन निर्माण | पि सी सि , आर सि सि र ढुंगा तथा इटाको गारो लगाउने कार्य | सिमेन्ट | ४४६ वोरा | ५१७ बोरा |
| | | RCC work | टि एम टि बार | ४७५६ | ४८५४ |
| २७६ | ग्वालीचौर जलजला छहरा मोटरबाटो | ग्याविनको कार्य | १.५×१×१ जाली | १५ | २१ |

| | | | | |
|---|---|---|---|---|
| ६५ | | | **मापदण्ड विपरीत बाटो निर्माण**<br>वस्ती विकास ,शहरी योजना तथा भवन निर्माण सम्वन्धीआधारभुत मार्गदर्शन,2072 को बुँदा नं.१४.११ मा साविक वस्तीहरुका साना बाटाहरुमा समेत एम्बुलेन्स वा दमकल पुग्नसक्ने गरी कम्तिमा ४ मिटर चौडाई हुनेगरी स्थानिय निकायले बाटो विस्तार गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले निम्न अनुसारका नयाँ बाटो निर्माण कार्य गर्दा ४ मिटर चौडाइ भन्दा कमका बाटो निर्माण गरेको पाइयो।यसरी बाटोको चौडाई मापदण्ड विपरीत राख्दा मानव वस्तीलाई प्रतिकुल असर पर्ने तथा मापदण्डको समेत पालना नभएकोले यसतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ। | |

| गो भौ नं र मिति | योजनाको नाम | बाटोको चौडाइ | कार्यसम्पन्न रकम |
|---|---|---|---|
| २५८-२०७८।३।२७ | वारीगाउँ जलजला खरखोला मोटरबाटो | ३.१० मीटर देखि ४ मिटर सम्म | १६६२७१५.२५ |
| २३२ -२०७८।३।२४ | सल्लेपाखरा तुनडाँडा खाम्तले मोटरबाटो | २ मिटर देखि माथी | २४५५९८५.४८ |

| | | | | |
|---|---|---|---|---|
| ६६ | | | **लगत कट्टाः**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ३ दफा ११ मा लाभग्राहीको मृत्यु भएमा बसाईसराई गरेर गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा ५ वर्ष उमेर पुरा गरेमा, नविकरण नगरेमा, कुनै लाभग्राहीले एक वर्षभित्र रकम नबुझेमा वा बैकं मार्फत भत्ता वितरण गर्दा लाभग्राहीको खाता निष्क्रिय रहेमा सम्बन्धित स्थानीय तहको मूल अभिलेखवाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले लगत कट्टाको विवरण उपलब्ध नगराएकोले यस सम्बन्धमा यकिन गर्न सकिएन। | |
| ६७ | | | **वढी निकासाः**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ४ दफा १५ भत्ता खाईपाई आएको व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिनसम्मको भत्ता निजको नजिकको हकवालालाई भुक्तानी दिन मिल्ने व्यवस्था रहेको छ। पालिकाले तेश्रो चौमासिकको भत्ता निकासा दिंदा मिति २०७८।३।१८ मा मृत्यु भएका चन्द्र बहादुर कुँवरको मृत्यु भएको मिति सम्म रु.२४०० भत्ता निकासा दिनुपर्नेमा रु.४००० नै निकासा दिएको पाईयो।उक्त वढी निकासा दिएको रकम असुल गरी संघिय संचितकोषमा दाखिला गर्नुपर्दछ रु. | १,६०० |
| ६८ | | | **कारोवार नभएको खाताको विवरणः**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छे ५ दफा २६(३) माएक आर्थिक वर्षसम्म एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक वैकंवाट अनुसूची-११ वमोजिमको ढांचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको सम्वन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु वा कुनै कारण ले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्वन्धित वैङ्कवाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीञ संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले अनुसूची -११ वमोजिमको ढाँचामा सेवा प्रदायक वैकंवाट विवरण माग गरेको पाईएन। पालिकाले कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ। | |
| ६९ | | | अनुगमन तथा संपरीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ। सोही एनको दफा ८४ (२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ। यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ। | |

| आ. व. | वेरुजु दफा | वेरुजुको संक्षिप्त व्यहोरा | संपरीक्षण | |
|---|---|---|---|---|
| | | | संपरीक्षणका प्रमाण तथा आधार | |
| ०७६.७७ | २७ | कार्यसंपन प्रतिवेदन पेश गर्नुपर्ने । | कार्यसंपन प्रतिवेदन पेश भएको। | ५३५००० |
| ०७६.७७ | ४०.४ | बैठक भत्ता | असूल भएको बैक भौचर पेश भएको। | ३४०० |
| ०७६.७७ | ३७.५ | सामाजिक सुरक्षाको बढी भुक्तानी भएको | असूल भएको बैक भौचर पेश भएको। | १४४०० |
| ०७६.७७ | १७ | बैक मौज्दात फरक | असूल भएको बैक भौचर पेश भएको। | २३२११ |
| ०७६.७७ | २८ | भरपाई पेश गर्नुपर्ने | वितरणको भरपाई पेश भएको। | २२८०० |
| ०७६.७७ | ३२ | बढी भुक्तानी | असूल भएको बैक भौचर पेश भएको। | ९६८ |
| ०७६.७७ | ९ | दोहोरो सुविधा | असूल भएको बैक भौचर पेश भएको। | १७६१४ |
| ०७६.७७ | ४२ | पेश्की फछ्यौट गर्नुपर्ने (विभिन्न २१ पार्टीको) | पेश्की फछ्यौट भएको गोश्वारा भौचरहरु पेश भएको। | ३७३७५२१ |
| ०७५.७६ | ३०.५ | सदरस्याहा गर्नपर्ने देखिएको | सदरस्याहा भएको प्रमाण पेश भएको रु.२००।०० वेरुजू बढी कायम भएकोले सो समेतको सं.प भएको। | १०१३०० |
| ०७५.७६ | ६ | प्रमाण पेश गर्नुपर्ने | प्रमाण पेश भएको। | २०३४०० |
| ०७४.७५ | ३४ | प्रमाण पेश गर्नुपर्ने | असूल भएको बैक भौचर पेश भएको। | १२२२३० |
| ०७६.७७ | ११.२ | अनियमित भएको | कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको। | ३००००० |
| ०७६.७७ | १४ | अनियमित भएको | कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको। | २२५०० |
| ०७६.७७ | ३३ | अनियमित भएको | कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको। | १७२५००० |
| ०७६.७७ | ४०.२ | अनियमित भएको | कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको। | ६६१००० |
| ०७६.७७ | ४०.३ | अनियमित भएको | कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको। | १०००० |
| ०७५.७६ | १७ | अनियमित भएको | कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको। | ६३२१७३ |
| ०७५.७६ | २८.१ | अनियमित भएको | कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको। | ६०३००३५ |
| ०७५.७६ | ३०.३ | अनियमित भएको | कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको। | ६३६४२५ |
| ०७५.७६ | ३१ | अनियमित भएको | कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको। | ७९२१५१ |
| ०७५.७६ | ३२ | अनियमित भएको | कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको। | ५९०००० |
| ०७५.७६ | ३४.१ | अनियमित भएको | कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको। | २६१०००० |
| ०७४.७५ | १० | अनियमित भएको | कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको। | २४२४०० |
| ०७४.७५ | ३४ | अनियमित भएको | कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको। | १३१६४२० |
| ०७४.७५ | ३६ | अनियमित भएको | कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको। | ४४८७०६ |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| ०७४.७५ | ३८ | अनियमित भएको | कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको। | २९५००००० |
| ०७४.७५ | ६१ | अनियमित भएको | कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको। | ४०००००० |
| जम्मा | | | | २४१४८५४५ |

७०

अध्यावधिक वेरुजू

यस पालिकाको २०७७।७८ सम्मको फर्छ्यौट गर्न बाँकी वेरुजुको स्थिति देहायअनुसार रहेको छ।

| गत वर्षसम्मको बांकी वेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको वेरुजू (B) | यो वर्ष कायम वेरुजू(c) | संपरीक्षणवाट कायम वेरुजू (D) | अध्यावधिक बाँकी वेरुजू |
|---|---|---|---|---|
| ४०१९५ | २४१४९ | १५७१० | ० | ३१७५६ |


https://nams.oag.gov.np